# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

## ८७

## पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावत्नौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।
— बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

( इतिहास–प्रधान त्रैमासिक पत्रिका )

२२
वर्ष

३
अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ४५/–

# विषयसूची


| | | |
|---|---|---|
| १. राणाराज्यव्यवस्था | | |
| २. जङ्गबहादुरको राजभक्ति | – नयराज पन्त | १–२२ |
| सहायक | – देवीप्रसाद भण्डारी | |
| २. पिशाचचतुर्दशी/घोडेजात्राको विषयमा | – महेशराज पन्त | २३–४१ |
| ३. वि. सं. १७९७ को जग्गाकिनबेचसम्बन्धी अप्रकाशित पत्र | – दिनेशराज पन्त | ४२ |
| ४. गोरखासम्म जान झारा लगाइएको कुरा परेको अप्रकाशित पत्र | – दिनेशराज पन्त | ४३ |
| ५. रामकृष्ण जैसीलाई वि. सं. १८३२ मा गरिदिएको अप्रकाशित पत्र | – दिनेशराज पन्त | ४३–४४ |
| ६. वि. सं. १८५७ मा श्री ५ गीर्वाणको नामबाट अङ्ग्रेजशासककहाँ पठाइएको अप्रकाशित पत्र | –दिनेशराज पन्त | ४४ |
| ७. वि. सं. १८५७ मा श्री ५ गीर्वाणको नामबाट अङ्ग्रेजशासककहाँ पठाउन तयार पारिएका दुइ अप्रकाशित पत्र | – दिनेशराज पन्त | ४५–४६ |
| ८. काठमाडौंका केही मल्ल राजाहरूको मृत्युवर्ष लेखिएको अप्रकाशित टिपोट | – दिनेशराज पन्त | ४६–४७ |
| ९. वि. सं. १८९७ मा नुवाकोटभैरवीका धामी काठमाडौं बोलाइएको कुरा परेको अप्रकाशित पत्र | – दिनेशराज पन्त | ४७ |
| १०. श्री ५ सुरेन्द्रको नाममा तयार भएको अप्रकाशित पुस्तकको केही अंश | – दिनेशराज पन्त | ४७–४८ |
| ११. गङ्गाधर शास्त्रीले हेमराज शर्मालाई लेखेको अप्रकाशित पत्र | – दिनेशराज पन्त | ४९ |
| १२. हाम्रो वक्तव्य | | ५० |

# राणाराज्यव्यवस्था*

## २. जङ्गबहादुरको राजभक्ति**

रचयिता
**नयराज पन्त**
सहायक
**देवीप्रसाद भण्डारी**

सानैदेखिन् रससँग पुरावृत्तलाई सुनेर
खोजी खोजी श्रमसँग शिलालेखलाई पढेर ।
भ्याएसम्मन् विविध बुधका ग्रन्थलाई पढेर
पाएसम्मन् विविध थरका लेखलाई गुनेर ।।१।।
आफ्नो जस्तो मति छ, त्यसकै खास निर्देशबाट
जानेसम्मन् लिपिगत गरें जङ्गको यो चरित्र ।
जान्ने सुन्ने जनहरु कुनै लेख मेरो सुनेर
देखलान् केही त्रुटिहरु, तिनी ती गराऊन् प्रकाश ।।२।।
श्रद्धा राखी मतिर अथवा द्वेष राखी ममाथि
झूटा चर्चा यसतिर नहून्, यत्ति मेरो छ बिन्ती ।

आफ्नो हातमा पर्न आएको सैनिक शक्तिको भरबाट जङ्गबहादुर नेपालका हर्ताकर्ता भएका हुन् । सैनिक शक्तिको भरबाट उच्च ओहदामा पुगेका जङ्गबहादुरले सैनिकहरूको मनमा आफ्नो प्रभाव जमाइराख्ने उद्योग गर्नु स्वाभाविक थियो ।

यसै कारण जङ्गबहादुरले एक हातमा तरवार तथा अर्को हातमा कागतको मुट्ठा लिएको आफ्नो सालिक

---

* वि. सं. २०३६ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित प्रज्ञाको २७ पूर्णाङ्कका ६५–११२ पृष्ठमा राणाराज्यव्यवस्था, १. जङ्गबहादुरको अंग्रेजसँगको षाड्गुण्य भन्ने निबन्ध प्रकाशित भएको छ ।

** वि. सं. २०३६ कार्तिक ६ गते शुक्रवार नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा गरिएको प्रवचन ।

टुँडिखेलको माझमा वि. सं. १९१० चैत्र ४ गते बुधवार राख्न लाए। त्यस सालिकको वरिपरि चारवटा सिंहका सालिक पनि त्यसै वेला राखिए।

दिनहुँ जस्तै सिपाही जम्मा हुने ठाउँ टुँडिखेलमा जङ्गबहादुरले आफ्नो सो सालिक राख्न लाएका थिए। सैनिकहरूलाई सधैं आफूतिर तन्मय बनाइराख्न जङ्गबहादुरले यो काम गरेका थिए भन्ने स्पष्ट छ।

२८ वर्षसम्म रजाइँ गरिसकेका, ५७ वर्ष पुगिसकेका, बूढा हुन हुन लागेका जङ्गबहादुरले वाग्वतीको किनारमा (त्रिपुरेश्वरनेर) नयाँ मन्दिर बनाई टुँडिखेलमा रहेको आफ्नो त्यस सालिकलाई देवताको अगिल्तिरको ढुङ्गे खम्बामा उभिएको तथा देवतातिर फर्की हात जोडिरहेको रूपको बनाउन लाए, टुँडिखेलको आफ्नो सालिक-वरिपरि रहेका चारवटा सिंहलाई देवताको वरिपरि राख्न लाए। यो घटना वि. सं. १९३२ वैशाख ९ गते मङ्गलवार भयो।

जङ्गबहादुरको टुँडिखेलमा रहेको सो सालिक तथा त्यस सालिकलाई अर्कै रूपको बनाई वाग्वतीको किनारमा रहेको मन्दिरमा सार्न लाएको प्रत्यक्ष देखेका, मेरा मातामह पण्डित भुवननाथ पाँडे (वि. सं. १९२०–२०००) को मुखबाट मैले यो कुरो कथा जस्तै गरी केटाकेटीमै सुनेको हुँ। लैनका दुइ जना ओखती गर्ने डाक्टर ओल्डफील्ड र राइटले त्यस सालिकको वर्णन आआफ्ना ग्रन्थमा गरेका छन्। ती तल दिइन्छन्–

## ओल्डफील्डको वर्णन

**वि. सं. १९१० चैत्र ४ गते बुधवार (फागुको उत्सवको अन्तिम दिन)[1] टुँडिखेलमा ठूलो भडक गरी जङ्गबहादुरको सालिक राखियो। सबै पल्टन र तोप चलाउने सेनाको प्रदर्शन भयो, बढाइँ पनि गरियो। यसै दिन साँझ सार्वजनिक रूपले उत्सव भयो, खूप आतसबाजी भयो, सबै सिपाहीहरूलाई र प्रशस्त दुनियाँहरूलाई भोज खुवाइयो, नेवारहरूका नाच भए। भारादारहरूलाई बस्न टाँगिएका पालले ढाकिएको टुँडिखेल आतसबाजी र नाचहरूले गर्दा केही मात्रामा ग्रीनविच वा क्याम्बरवेलको मेला जस्तो देखिएको थियो।**

(ई. सं. १८८० [वि. सं. १९३६/१९३७] मा लन्डनबाट डब्लयु. एच. आलेन यान्ड कम्पनीद्वारा प्रकाशित, हेन्रि एम्ब्रोस ओल्डफील्डको स्केचइज् फ्रम् निपाल् [नेपालवर्णन] को १ भागको ४०८ पृष्ठबाट यो उल्था गरिएको हो।)

## राइटको वर्णन

**कान्तिपुर शहरको उत्तरपूर्व (ईशान) ढोकाबाट बाहिर निस्की दक्षिणतर्फ लागेपछि सबभन्दा पहिले रानीपोखरी भन्ने ठूलो पोखरी देखिन्छ। रानीपोखरीको वरिपरि परखाल छ र माझमा मन्दिर छ। त्यस मन्दिरमा जान चौडाइ थोरै भएको, ईंटको लामो पुल पश्चिमपट्टि छ। रानीपोखरीको दक्षिणपट्टि ठूलो ढुङ्गे हात्ती छ। रानीपोखरी बनाउने राजा प्रताप मल्ल र उनकी रानीका सालिक त्यस हात्तीमा चढेका छन्।[2] यसभन्दा अलिकता दक्षिण लागेपछि दुवैतिर ठीक ठीक अन्तरमा बकैनाका रूख भएको मूल सडक आउँछ।**

---

१. चैत्रकृष्ण प्रतिपदा = फागुपूर्णिमाको भोलिपल्ट।

२. राइटले रानीपोखरीको हात्तीमा चढेका सालिक प्रताप मल्ल र उनकी रानीका हुन् भनी यहाँ लेखेका छन्।

शहर तथा कवायद खेल्ने जमीन अर्थात् टुँडिखेलको बीच भई यो मूल सडक गएको छ । राम्रा हरिया घाँसले ढाकिएको ठूलो खुला चौर टुँडिखेलमा दिनहुँ सिपाहीहरू कवायद खेल्छन् । जङ्गबहादुर बेलायतबाट वि. सं. १९०७ मा फर्केपछि उनले टुँडिखेलको माझमा २० हात जति अग्लो ढुङ्गे चौतारो बनाउन लाए । एक हातमा तरवार तथा अर्को हातमा कागतको मुट्ठा लिएको जङ्गबहादुरको सालिक केहीअगाडिसम्म त्यस चौतारोमा थियो र त्यस सालिकको चार कुनामा पित्तलका चारवटा डरलाग्दा सिंह जस्ता जन्तु थिए । जङ्गबहादुरले आफैँले वाग्वतीको किनारमा बनाउन लाएको नयाँ मन्दिरमा ती सबै सारिए ।

(वि. सं. १९३३ मा क्याम्ब्रिजबाट युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, डानियल राइटको हिस्टरि अफ् नेपाल् [नेपालको इतिहास]मा छापिएको उनको उपोद्घातको १२ पृष्ठबाट यो उल्था गरिएको हो ।)

जङ्गबहादुरले टुँडिखेलमा रहेको आफ्नो सालिकलाई अर्कै रूपको बनाई वाग्वतीको किनारमा रहेको मन्दिरमा कुन विशेष प्रयोजनका लागि सार्न लाएका हुन् भन्ने कुरामा अब विचार गर्नुपरेको छ ।

वि. सं. १८७४ आषाढ ७ गते बुधवार जङ्गबहादुरको जन्म भएको हो ।[३] त्यस वेला भीमसेन थापा नेपालका हर्ताकर्ता थिए । भीमसेन थापाका माहिला भाइ काजी नयनसिंह थापाकी छोरी गणेशकुमारीको गर्भबाट जङ्गबहादुरको जन्म भएको हो ।[४] यस कारण नाताबाट जङ्गबहादुरका जेठा मावलीबाजे भीमसेन थापा थिए । भीमसेन थापाको चकचकीको दृश्य उनको वि. सं. १८६८ को वाग्वतीको स्तम्भाभिलेखले प्रकट गर्छ । त्यसको एक अंश यस्तो छ —

यो दक्षं लक्ष्यवेधे रुचिरहरिकथाकर्णनैकाग्रचित्तं
तुङ्गं रिङ्गत्तुरङ्गं व्यधित वशयितुं संप्रवीणं प्रभुं स्वम् ।
बाल्ये नद्यादिबाहुप्रतरणनिपुणं वर्ण्यनानागुणौघं
मन्त्रीन्द्रो भीमसेनः सुकृतचयवशाल्लब्ध आभाति यस्य ।।१७।।
यो मातेव पितेव बन्धुरिव सत्स्त्रीव प्रभौ दासव-
च्चास्ते तत्र निधाय भीमसचिवे राज्यं नृपः क्रीडति ।।१८।।

(काठमाडौँबाट वि. सं. २०१० मा प्रकाशित, संस्कृत-सन्देशको १ वर्ष ७ अङ्कका १–१६ पृष्ठमा छापिएको,

---

वास्तवमा यी सालिक प्रताप मल्लको तथा उनका दुइ छोरा चक्रवर्तेन्द्र र महीपतेन्द्रका हुन् । (वि. सं. २०१८ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तद्वारा सम्पादित अभिलेख-सङ्ग्रहको ३ भागको २६ पृष्ठ) ।

३. वि. सं. २०४७ मा काशीबाट परमवीरशमशेर ज. ब. राणाद्वारा प्रकाशित, पुरुषोत्तमशमशेर ज. ब. राणाको श्री ३ हरूको तथ्य वृत्तान्त भाग १ को १ पृष्ठ ।

४. वि. सं. १९६६ मा अलाहाबादबाट प्रकाशित, अभयचरण मुकर्जीद्वारा सम्पादित, पद्मजङ्ग बहादुर राणाको लाइफ् अफ् महाराजा सर् जङ बहादुर्... अफ् नेपाल् (नेपालका महाराज सर जङ्गबहादुरको जीवनी) को ६ पृष्ठ ।

श्री ३ हरूको तथ्य वृत्तान्त भाग १ को १ पृष्ठ ।

मेरो थापाथलीस्थः श्रीभीमसेनथापाप्रशस्तिसनाथः स्तम्भोत्कीर्णोऽभिलेखः [थापाथलीमा रहेको श्रीभीमसेन थापाको प्रशंसासहितको खामोमा कुँदिएको अभिलेख] भन्ने निबन्धमा, वि. सं. २०१९ मा काठमाडौँबाट नेपाल–सांस्कृतिक–परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्यद्वारा सम्पादित पण्डित सुन्दरानन्दविरचित त्रिरत्न–सौन्दर्य–गाथाको परिशिष्ट गमा (२९१–२९८ पृष्ठमा) तथा वि. सं. २०३७ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालय, नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको शाहकालका अभिलेखका ५२०–५३० पृष्ठमा यो स्तम्भाभिलेख छापिएको छ ।)

अग्लो अश्व सधाउनाकन तथा खोलामहाँ पौडन
तारो मार्न पुराणको श्रवणमा एकाग्र बन्नाकन ।
आफ्ना भूपतिलाइ बाल्यवयमैं राम्रो सिकाई गुणी
पारी रक्षण राज्यको गरिदिने छन् भीम मन्त्र्यग्रणी ।।
आफ्ना मालिक भूपलाइ जसले आमासरी भैकन
हेर्छन्, बाबुसमानको हुन गई गर्छन् भलो शिक्षण ।
सच्चा बान्धव झैँ भई हृदयले सत्स्नेह बर्साउँछन्,
साध्वी स्त्रीसम भै सबै तरहले आनन्दमा राख्तछन् ।।
सोझो दाससमान भैकन सधैँ सेवा गरी बस्तछन्,
मन्त्रीको अहिले प्रधान पदमा त्यस्ता गुणी भीम छन् ।
राखी पैतृक राज्यभार सब नै ती भीमको काँधमा
नेपालाधिप बस्नुहुन्छ अहिले आनन्दको साथमा ।।

(यहाँ छापिएको पहिलो पद्य वि. सं. २०२३ मा प्रकाशित, पूर्णिमा १२ अङ्कका ७८–८८ पृष्ठमा छापिएको, मेरो जनरल केसरशमशेरको ज्यौतिष–विषयको अध्ययनमा रुचि भन्ने निबन्धमा (७९ पृष्ठमा) छापिएको छ ।)

शिलालेखले बताएको भीमसेन थापाको प्रभाव हामीले सुन्यौँ । अब लालमोहरले बताएको उनको प्रभाव हामी सुनौँ ।

(श्री ५ गीर्वाणयुद्धविक्रम शाहको प्रशस्ति)

आगे जर्नेल भीमसेन थापाके... गुरुपुरोहित चौतारा काजि कर्नेल कप्तान् सर्दार सुब्बा सुबेदार गैरह पगरि छोटा बडा सबै मानिस्ले तंम्रा चांजा सूरमा चली काम्काज् गर्नू· ...कंपु पल्टन् कंपनि गैरह बान्या तैनाथि रहन्याले तंम्रा उर्दि चांजा सल्लाहमा चल्नु. जो चल्दैन. तस्को तागिरि गरि सूरमा चल्न्याको बाहालि गर्न्या काम गर्नु. हुकुम बक्स्याको छ ...

इति संवत् १८६९ शाल मार्गशीर्षशुदि १३ रोज ४[५] शुभम्

(वि. सं. २०१३ मा काठमाडौँबाट नेपाल–सांस्कृतिक–संघद्वारा प्रकाशित, चित्तरञ्जन नेपालीको जनरल

---

५. पौष ४ गते बुधवार ।

भीमसेन थापा र तत्कालीन नेपालका २१–२२ पृष्ठमा तथा वि. सं. २०२६ मा प्रकाशित, पूर्णिमाको २२ अङ्कका १३३–१४३ पृष्ठमा छापिएको देवीप्रसाद भण्डारीको प्रधानमन्त्री माथवरसिंह थापाको वि. सं. १९०१ को शिलापत्र भन्ने निबन्धमा (१३८ पृष्ठमा) यो अंश प्रकाशित भएको छ। जनरल भीमसेन थापा र तत्कालीन नेपालको चित्रखण्डमा छापिएको फोटोबाट यहाँ पाठ सच्याई दिइएको छ।)

आफ्नो मावलीको यो रमझम जङ्गबहादुरले राम्रोसँग देखेका थिए। यसैको नकल गरी तथा केही अगाडि बढी जङ्गबहादुरले आफ्नो नाउँमा तल लेखिएको लालमोहर गराए—

श्री ५ महाराजाधिराज सुरेन्द्र श्री ५ महाराजाधिराज राजेन्द्र श्री ५ महाराजाधिराज बलीग्रहद त्रैलोक्य-बाट

श्री ३ महाराज जङ्गबहादुर राणाजीके...

कंपू पल्टन कम्पनी भारादार जंगी मुलुकी निजामती गैन्हका नाउमा तिमीहरूले जो उर्दि देउला. सो उर्दि बजाउनु. हामीबाट अर्को कमान उर्दि बक्स्या पनि कबुल नगर्नु. तिम्रा उर्दि कमानमा नरहन्यालाई जातअनुसारको सजाय गर्न्याछन्. ...

इति संवत् १९२४ साल माघसुदि १० रोज २[६] शुभम्

(वि. सं. २०२० मा काठमाडौँबाट संस्कृत–छात्र संघद्वारा प्रकाशित, सिंहनादको १ वर्ष ५ अङ्कका १७–२३ पृष्ठमा छापिएको मेरो पृथ्वीनारायण शाहको सैनिक प्रबन्ध र उनको राजनीति (श्री ५ पृथ्वीनारायण शाहले योग्य सैनिकको परम्परा बसाउन सके तर योग्य राजनीतिज्ञको परम्परा बसाउन सकेनन्) भन्ने निबन्धमा (२१–२२ पृष्ठमा), वि. सं. २०२३ मा काठमाडौँबाट रूपायन प्रकाशनद्वारा प्रकाशित, रूपरेखाको ६५ पूर्णाङ्कका ९–४९ पृष्ठमा छापिएको संशोधन–मण्डलको कवि बालकृष्ण समका ऐडविल भन्ने निबन्धमा (४६–४७ पृष्ठमा), पूर्णिमाको २२ अङ्कको १४२ पृष्ठमा, वि. सं. २०३५ मा प्रकाशित, पूर्णिमाको ४० अङ्कका १५५–२७६ पृष्ठमा छापिएको मेरो श्री ३ महाराज पद्मशमशेरका कुरा भन्ने निबन्धमा (१७८–१८२ पृष्ठमा) र प्रज्ञाको २७ पूर्णाङ्कका ९६–९७ पृष्ठमा यो अंश छापिएको छ।)

वि. सं. १८९४ मा भीमसेन थापाको पतन भयो। वि. सं. १८९६ मा भीमसेन थापाले आत्महत्या गरी प्राण त्यागे।[७] श्री ५ अधिराजकुमारलाई वैद्यद्वारा बिष खुवाई मराएको मुद्दा भीमसेन थापालाई लागेको थियो। कैदमा परेका भीमसेन थापालाई त्यस मुद्दाको बहसको लागि उनको घर बागदरबारबाट हनूमानढोका राजदरबारमा बराबर ल्याउँथे। सो ल्याउने काम खिचापोखरीको बाटोबाट हुन्थ्यो। एक दिन यसै गरी ल्याउन लाग्दा टुँडिखेल-को बाटो मलाई लगिदेऊ भनी भीमसेन थापाले भने। उनले भनेबमोजिम भयो। त्यस बेला सिपाहीहरू टुँडिखेलमा कवाज खेल्न लागेका थिए। सिपाहीहरूले मेरो दुःख देखलान् र न्याय बोलिदेलान् भन्ने आशा भीमसेन थापाले गरेका थिए। तर सिपाहीहरूले भीमसेन थापालाई देखेर पनि न्याय बोलेनन्। यस घटनाले भीमसेन थापा अत्यन्त विह्वल भए र यसको केही दिनपछि उनले आत्महत्या गरे।[८]

---

६. माघ २२ गते सोमवार।

७. वि. सं. २०३१ मा प्रकाशित, पूर्णिमाको ३२ अङ्कका २१७–२३६ पृष्ठमा छापिएको मेरो भीमसेन थापा भन्ने निबन्ध, सोही अङ्कको २३६ पृष्ठ।

८. वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी,

भीमसेन थापाका पुरोहित आफ्ना पिता ज्योतिषी विश्वनाथ पाँडे (वि. सं. १८७९–१९४३)को मुखबाट यो कुरा सुनेका मेरा मातामह पण्डित भुवननाथ पाँडेको मुखबाट केटाकेटीमै मैले यो कुरो सुनेको हुँ।

भीमसेन थापाको घरखेत सर्वस्व भयो। उनको भन्नु केही बाँकी रहेन। उनले आफ्नो घर बागदरबारनिर बनाएको भीमभक्तेश्वरको मन्दिरले भीमसेन थापाको स्मृति लोप हुन दिएन।[९]

भीमसेन थापाको पतन हुँदा जङ्गबहादुर २० वर्षका थिए। भीमसेन थापाको मृत्यु हुँदा जङ्गबहादुर २२ वर्षका थिए। यस कारण भीमसेन थापाको चकचकी तथा दुर्गति जङ्गबहादुरले नजीकैबाट राम्रोसँग देखेका थिए। यस कारण आफ्नो कीर्ति सुरक्षित भइरहोस् भनी नयाँ मन्दिर बनाई त्यहाँ आफ्नो सालिक जङ्गबहादुरले सार्न लाएको देखिन्छ। धर्मभीरु हिन्दूहरू अरूले बनाएको धर्मस्थल नष्ट गर्न प्रायः डराउँछन् भन्ने कुरा लोकप्रसिद्ध छ। ऐतिहासिक घटना विचार गर्दा यस्तो देखिन्छ। अब जङ्गबहादुरको भाव उनकै वाक्यबाट बुझ्नाको लागि उनको सालिक रहेको स्तम्भको अभिलेख राम्ररी पढ्नुपरेको छ—

**श्रीनेपाल मुलुकका माहाजन रयेत[१०] भोट जान्याहरुलाइ भोटबाट बेजाइबिदुत्[११] गरि महसुल बढाई ली अन्याय गर्दा आफ्नु ३८ वर्षको उमेर हुदा श्रीचिनबादसाहसंग सलतन[१२] थामि फौज उठाइ जगाजगामा आफ्ना भाइहरूलाइ पठाइ झुगा किल्लासम्म आफना जिये गै भोटसंग १६ लडाञी गरि झुगा कुति ढ्याक-लिङ ताक्लाखारसम्म सर गरि पछि भोटबाट तालोये[१३] र भोटका भारादार आई सलतन मागदा आफ्नु ज्मार्मर्दि[१४] राखि भोटले नेपालका माहाजन रयेत्संग ली आयाको महसुल जगात अबप्राँन्त भोटबाट नलिनु भंन्या बेहोरा र १२ सालदेखि सालबसाल १० हजार रूपैया भोटले श्रीनेपालसर्कारमा तिर्नु भंन्या गैह्र मुद्दा[१५] १० का अहद[१६] गरि नेपाल श्री ५ सर्कारलाई मांन्या तुल्याउन्या येसै कुरामा बढिया बन्दोबस्त**

---

देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित इतिहास-संशोधनको प्रमाण-प्रमेयमा छापिएको मेरो उपोद्घातका १५–१६ पृष्ठ।

९. केही वर्ष यतादेखि धरहरालाई भीमसेनस्तम्भ भनी भन्न लागेका छन्। यताबाट पनि भीमसेन थापाको स्मृति सुरक्षित त भएको छ, तर यो धरहरा भीमसेन थापाको नाउँमा बनेको भने होइन; श्री ५ रणबहादुर शाहका कान्छा बडामहारानी ललितत्रिपुरसुन्दरीदेवीको नाउँमा बनेको हो (वि. सं. २०१९ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित अभिलेख संग्रहको ८ भागका ८–९ पृष्ठ)।

भीमसेन थापाले आफ्नो नाउँमा पनि आफ्नो घर बागदरबारनिर धरहरा बनाएका थिए। सो धरहरा वि. सं. १८९० को भूकम्पले नष्ट भयो। त्यहाँको अभिलेख हाल म्यूजियममा छ (वि. सं. २०२० मा काठमाडौँबाट संशोधन–मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित अभिलेख–संग्रहको १२ भागको १७ पृष्ठ)।

१०. रयेत= रैती। ११. बेजाइबिदुत्= अन्याय। १२. सलतन= सन्धि। १३. तालोये= भारादारविशेष। १४. ज्मार्मर्दि= वीरता। १५. मुद्दा= दफा। १६. अहद= सन्धि।

**गर्‍यौ भनी श्रीचिनबादसाहबाट निज वजिर[17]का नाउमा षुसिनामाको षिलत[18] आउन्या हिन्दुस्थान्मा रह्याका बृटिस्:सर्कारका फौज औ जगाजगाका राजारजौताहरू उठि बृटिस्सर्कारसंग हंगमा[19] गरि जगाजगामा रह्याका मिम् बाबाः बाबि[20]हरूलाई मार्दा अस्त्रिहत्या बालहत्या गर्‍याको हेरिरहनु ता मुनासिब छैन भनि आफ्नु ४१ वर्षको उमेर हुदा बृटिस्सर्कारका मद्दतनिमित्त आफ्ना फौज पठाइ हंगमा गर्न्या रेबिल[21]हरूसंग लडाञी गरि फेरि भारि फौज लि आफै गैं लडाञी गरि गोरषपुर फत्ये गरि बृटिस्सर्कारका कम्यांडर इन चिफसंग सामेल भै लषनौ लडाञी गरि लषनौ फत्ये गरि यस्तै रितले रेबिल्हरूसंग २५ लडाञी गरि आफ्ना अकल र जमार्मर्दिले बृटिस्सर्कारसंग दोस्ति बढाउदा ७२ सालमा बृटिस्सर्कारतर्फ गयाको नेपालका पश्चीम्तर्फको मुलुक् बृटिस्सर्कारबाट श्रीनेपालसर्कारमा सपुर्त गराई[22] बेलायत्का कुईन्[23] बादसाहबाट वजिरका नाउमाः जिः सिः बी भंन्या इलाकाप[24] र तस्मा षलिता[25] आउन्या अकल बुद्धि गर्न्या श्रीनेपालसर्कारका निमक्को सोझो चिताई फौज रयेत्हरूलाई अैनबमोजिम् इन्साफ गरि राजि राषिन्या नेपाल भरमुलुक्का अषतियार[26] भयाका आफ्ना मुलुक्को जानत् भरमक्दुर बेहतर[27] गर्न्या श्रीश्रीश्रीमहाराजः जंगबहादुर राणा जिः सि बी आण्ड जि सी एस् आई थोङ लिन् पिम्मा कोकाङ वाङ स्यान् प्राइम्मिनिष्टर यान्ड कम्यांडर इन चिफ्का दुरुस्त मुर्ति दुनियादारहरूले पछि-सम्म चिन्हुन् भनि श्री ५ माहाराजाधिराज सुरेन्द्रविक्रम साह बहादुरबाट राषिबक्सनुभयाको हो· येस्मा पछि टुटफुट् भै केहि बिग्रन गयो भन्या दर्बारबाट बनाई दिनु·**

**इति सम्वत् १९३१ साल मिति चैत्रशुदि १५ रोज ३[28] शुभम्**

(त्रिपुरेश्वर नारायणस्थानको जङ्गबहादुरको वि. सं. १९३२ को स्तम्भाभिलेख। वि. सं. २०१० मा काठमाडौंबाट प्रकाशित, **संस्कृत–सन्देश**को १ वर्षका ७ अङ्कका ४६–४७ पृष्ठमा, ८ अङ्कका ३८–४० पृष्ठमा, ९ अङ्कका ४६–४७ पृष्ठमा छापिएको ज्ञानमणि नेपालको **त्रिपुरेश्वरस्तम्भलेखानुवादः** [त्रिपुरेश्वरको स्तम्भलेखको उल्था] भन्ने निबन्धमा यस स्तम्भाभिलेखको धेरैजसो भाग प्रकाशित भएको छ। **इतिहास–संशोधनको प्रमाण-प्रमेय**का १२१-१२२ पृष्ठमा सम्पूर्ण यो अभिलेख प्रकाशित भएको छ। )

यस अभिलेखको बीचको भागको अर्थात् अङ्ग्रेजसँग सम्बन्ध भएको विषयको व्याख्या **राणाराज्य–व्यवस्था**को पहिलो सङ्ख्यामा गरियो।[29] माथिल्लो भागको अर्थात् भोटसँग सम्बन्ध भएको विषयको व्याख्या पछि गरिनेछ। तल्लो भागको अर्थात् जङ्गबहादुरको सालिक श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहले राखिदिएको विषयमा यहाँ विचार गरिन्छ।

**श्रीनेपालसर्कारका निमक्को सोझो चिताई फौज रयेत्हरूलाई अैनबमोजिम् इन्साफ गरि राजि राषिन्या नेपाल भरमुलुक्का अषतियार भयाका आफ्ना मुलुक्को जानत् भरमक्दुर बेहतर गर्न्या श्रीश्रीश्रीमहाराजः**

---

१७. वजिर = मन्त्री। १८. षिलत = सम्मानसूचक वस्त्र। १९. हंगमा = लडाइँ-झगडा। २०. बाबाः बाबि = केटाकेटी। २१. रेबिल = विद्रोही। २२. सपुर्त गराई = सुम्पन लगाई। २३. कुईन् = महारानी। २४. इलाकाप = पदवी। २५. षलिता = राजकीय पत्र। २६. अषतियार = अधिकार। २७. बेहतर = कन् असल।

२८. वि. स. १९३२ वैशाख ९ गते मङ्गलवार।

२९. **प्रज्ञा**को २७ पूर्णाङ्कका ९५–११२ पृष्ठ।

> जंगबहादुर राणा...का दुरूस्त मुर्ति दुनियादारहरूले पछिसम्म चिन्हुन् भनि श्री ५ माहाराजाधिराज सुरेन्द्र-विक्रम साह बहादुरबाट राषिबक्सनुभयाको हो

भनी यस अभिलेखमा लेखिएको छ। जङ्गबहादुर नेपाल राज्यभरको स्वेच्छापूर्वक शासन गर्न सक्तथे। उनको आज्ञालाई राजाज्ञाले पनि काट्न सक्तैनथ्यो। यस किसिमको लालमोहर जङ्गबहादुरले आफ्नो नाउँमा गराएका थिए भन्ने कुरा माथि भनिसकिएको छ। यस अवस्थामा जङ्गबहादुरले निजायती रूपमा बनाएको मन्दिरमा रहेको उनको सालिकलाई राजाले आफैँ अघि सरी राखिदिनुपर्ने प्रयोजन के थियो ? यो बडो विचारणीय कुरा हुन आएको छ।

यस विषयमा विचार गर्न एउटा सूत्र पाइएको छ। सो तल दिइन्छ—

> उन्नाईस सय तेत्तीस सालमैं... हनुमान् ढोका दरवारमा सुरेन्द्र विक्रम शाह महाराजाधिराजसित मदेश शिकारमा जान विदा हुने बेलामा 'यस पाला त म साह्रै गलें, शिकारबाट यहाँ फर्केर सरकारको दर्शन गर्न आउन पाउँदिन कि क्या, त्यसैले सरकारसित एउटा कुरा बिन्ति गर्छु' भनेर जङ्गबहादुरले भन्दा सुरेन्द्र विक्रमले 'के कुरा सम्धी, भनन', अनि जङ्गले भने— 'उहिलेको जस्तै गरी सरकारलाई आफ्नो बुइमा चढाएर तल चोकसम्म सवारी चलाउने इच्छा छ।' अनि बोकेर नासल चोकमा पुऱ्याई त्यतैबाट विदा भएर उनी मदेशतिर गए।

(वि. सं. २०२९ मा काठमाडौँबाट साझाप्रकाशनद्वारा प्रकाशित, बालकृष्ण समको मेरो कविताको आराधन (चम्पू) उपासना २ को १८० पृष्ठबाट)।

श्री ३ जङ्गबहादुरले आफैँले प्रार्थना गरी श्री ५ सुरेन्द्रलाई नासलचोकसम्म आफैँले बोकेर ल्याएको कुरा यहाँ जो लेखिएको छ, यो कुरो मेरा ससुरा गुरुपुरोहित जनकराज (वि. सं. १९३४-२०२०) बाट धेरै पटक मैले सुनेको थिएँ।

यस वेला जङ्गबहादुर ५६ वर्ष पुगिसकेका थिए। उनी प्रधानमन्त्री भएको ३० वर्ष पुगिसकेको थियो। श्री ३ महाराज भएको पनि १९ वर्ष पुगिसकेको थियो। श्री ५ सुरेन्द्र पनि यस वेला ४७ वर्ष पुगिसकेका थिए। जङ्गबहादुरले आफ्ना छोरी श्री ५ सुरेन्द्रका छोरालाई दिएका थिए। श्री ५ सुरेन्द्रले आफ्ना छोरी जङ्गबहादुरका छोरालाई दिएका थिए। यसरी श्री ५ सुरेन्द्र र श्री ३ जङ्ग दोहरो नाताले परस्परमा सम्धी भएका थिए। दुवैले नाति पाइसकेका थिए। यस अवस्थामा राजाज्ञालाई पनि बदर गर्न सक्ने, सर्वशक्तिसम्पन्न, बूढा जङ्गबहादुरले अधबैँसे आफ्ना सम्धीलाई आफैँले प्रार्थना गरी, छाते जस्तो भई, आफ्नो पिठ्यूँमा बोकी, सबैलाई देखाउनुपर्ने प्रयोजन के थियो भन्ने कुरामा विचार गर्नु इतिहासरसिकहरूलाई चाखलाग्दो हुन जाला भन्ने सम्झी अब त्यसै गरिन्छ।

यसको निमित्त पहिले केही भन्नुपरेको छ।

भीमसेन थापाले आफ्नो नाउँमा गराएको सर्वाधिकारको लालमोहरको आशय लिई जङ्गबहादुरले आफ्नो नाउँमा सर्वाधिकारको लालमोहर गराएका थिए भन्ने कुरा माथि परिसकेको छ। भीमसेन थापाको राजकाज वाग्वतीको उनको स्तम्भाभिलेखले देखाउँछ। यस कारण त्यसको केही उद्धरण यहाँ दिइन्छ—

> सकल राजगुणले युक्त भयाका श्रीगीर्वाणयुद्धविक्रम साह महाराजाधिराज पैदा हुनुभयो. ...जस् महाराजाका सकल मंत्रीबिषे शिरोमणि भयाका भीमसेन थापा काजी छन्. जो काजी दैववशले श्रीस्वामीज्यूको अकस्मात् परलोक हुनु एहि घोर विघ्न आउंदामा पनि धीर गंभीर बुद्धिले सकल उपद्रवको निवारण गरि

श्रीमहाराजाको रक्षा गर्न्या ...आपना प्रभुकन बाल्यावस्थैमा धनु हान्न हरिकथा श्रवण गर्न घोडा चढन पौह्रन इत्यादि सकल राजनीतिमा कुशल तुल्याउन्या· जस्का क्रोधमा सब थर्थरायमान कांप्दछन्· जो आपना प्रभुबिषे महतारि झैं हित गर्दछन्. पिता झैं उपदेशको वार्ता बिंति गर्दछन्. बंधवर्ग झैं स्नेह गर्दछन्. सत्स्त्री झैं सुख दिछन्. सेवामा दास झैं जो रहंछन्. जस्का मंत्रणामा चीनका पात्साहसितको घाहा पनि बंदो जांछ· जस्का मंत्रणाले आपना बाबा अमरसिंह थापा काजीलाई सिमानामा राखनाले बढचाको फिरंगी पनि आकन शकदैन· जस्का भाइ नयनसिंह थापाले पनि काङडाकोटमा प्रभुका निमित्त लडाजिमा प्राण दिया· जो काजी यो नेपाल उपद्रवको घर हो· प्रभु भन्या बालक· मंले सह्यार गर्न्या हो भन्नानिमित्त गृहसुख छोडि पनि दरबारमा बसी भित्रबाहिर सर्वत्र नजर दि खबर्दार भै रहंछन्· जस्ले लगायाका भाई बखतवारसिंह काजी श्रीमहाराजका हजूरैमा बसी श्रीमहाराजको रक्षा रातदिन गर्दछन्· जस्का रक्षानिमित्त बडा भ्रातृभक्त भयाका अमृत काजी र रणवीर काजी सर्वदा साथ रहन्छन्· जस्काजीले सेवा गरियाका श्रीमहाराजाबिषे कविजनहेरू यस्तो वर्णन गर्दछन्· श्रीमहाराजा कृष्णजीका अवतार हुन् भन्या इ काजी गरुडका अवतार हुन्· श्रीमहाराजा रामजीका अवतार हुन् भन्या ई काजी हनूमान्‌का अवतार हुन् भनि इत्यादि प्रकारले वर्णन गर्दछन्· यस्ता काजी प्रभुको सर्वप्रकारले हितै गर्न्या· जस् महाराजाका प्रीतिपात्र छन्·

वाग्वतीको यस स्तम्भाभिलेखबाट वि. सं. १८६८ मा नेपालमा

१. श्री ५ महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाह
२. मन्त्रिशिरोमणि काजी भीमसेन थापा
३. भीमसेन थापाका बाबु काजी अमरसिंह थापा
४. भीमसेन थापाका भाइ काजी नयनसिंह थापा[३०]
५. भीमसेन थापाका भाइ काजी बखतवारसिंह थापा
६. भीमसेन थापाका भाइ काजी अमृतसिंह थापा
७. भीमसेन थापाका भाइ काजी रणवीरसिंह थापा

यी सात महापुरुष देखापर्दछन् ।

श्री ५ महाराजाधिराजको सम्पूर्ण राज्यको अभिभारा मन्त्रिशिरोमणि भीमसेन थापाले आफ्ना बाबु र भाइहरूको सहायताले थामिराखेका छन् भन्ने पनि यताबाट देखिन्छ ।

जस्ले लगायाका भाई बखतवारसिंह काजी श्रीमहाराजका हजूरैमा बसी श्रीमहाराजको रक्षा रातदिन गर्दछन्·

अभिलेखको यस वाक्यबाट मन्त्रिशिरोमणि भीमसेन थापाले राजदरबारलाई आफ्ना भाइ काजी बखतवारसिंह थापाद्वारा आफ्नो कडा निगरानीमा राखेका थिए भन्ने देखिन्छ ।

मन्त्रिशिरोमणि जङ्गबहादुर राणाले र उनका उत्तराधिकारी मन्त्रिशिरोमणि राणाहरूले पनि आफ्ना भाइ-छोराहरूद्वारा राजदरबारलाई आफ्नो कडा निगरानीमा राखेका थिए भन्ने कुरा रेजिडेन्सी (अङ्ग्रेजी राजदूतावास)का

---

३०. काजी नयनसिंह थापाले आफ्ना राजाको निमित्त काँगडाकोटको लडाइँमा आफ्नो प्राणाहुति दिएका थिए भन्ने कुरो यस अभिलेखबाट बुझिन्छ ।

ओखती गर्ने डाक्टर ओल्डफील्ड[३१], प्रमोदशमशेर राणा[३२], दमनशमशेर जङ्गबहादुर राणा[३३] तथा बालकृष्ण सम[३४]हरूका वर्णनबाट प्रसङ्गवश बुझिन्छ । ओल्डफील्ड तथा बालकृष्ण समका वर्णन अलि विस्तृत छन् तथा रसलाग्दा पनि छन् । अरू दुइ वर्णन उत्तिका रसिला नभए तापनि उपयुक्त छन् । ती पनि सुनाउन ठीक पारिएको थियो, तर यो निबन्ध लम्बिने डर भएकोले तिनलाई यहाँ सुनाउने साहस गर्न सकिनँ । भीमसेन थापा र जङ्गबहादुरको साधर्म्य तथा वैधर्म्यनामक निबन्धमा तिनलाई सुनाउनेछु ।

अहिलेलाई मन्त्रिशिरोमणि भीमसेन थापाले थापाहरूको मात्र एकाधिकार देखाए जस्तै मन्त्रिशिरोमणि जङ्गबहादुरले पनि राणाहरूको मात्र एकाधिकार गराएका थिए भन्ने बुझाउने पत्र पढी त्यसको व्याख्या गर्दछु ।

| | |
|---|---|
| पैला रोल श्री ३ महाराज जंगबहादुर कुवर राणाजी | १ |
| दोस्रा रोल श्रीकम्यांडर इन चीफ जनरल रणउद्दीपसिंह कुवर राणाजी[३५] | २ |
| तेस्रा रोल श्रीपश्चिमतर्फका कम्यांडिङ जनरल जगत्संशेर जंग कुवर राणाजी[३६] | ३ |
| चौथा रोल श्रीपुर्वतर्फका कम्यांडिङ जनरल धीरसंशेर जंग कुवर राणाजी[३७] | ४ |
| पाचौं रोल श्रीदषिनतर्फका कम्यांडिङ जनरल जगत्जंग बहादुर कुवर राणाजी[३८] | ५ |
| छैटो रोल श्रीउत्तरतर्फका कम्यांडिङ जनरल जीतजंग बहादुर कुवर राणाजी[३९] | ६ |
| सातौं रोल श्रीजनरल पद्मजंग बहादुर कुवर राणाजी[४०] | ७ |
| आठौं रोल श्री ३ महाराज जंगबहादुर कुवर राणाजीका विवाहपट्टिका छोरा छन्ज्याल[४१] | ८ |
| नवौं रोल श्रीलेफ्टेन्ट जनरल बबरजंग कुवर राणाजी[४२] | ९ |
| दशौं रोल श्रीलेफटेन्ट जनरल रणवीरजंग कुवर राणाजी[४३] | १० |
| यघारौं रोल श्रीदक्षिणतर्फका कम्यांडिङ जनरल जगत्जंग बहादुर कुवर राणाजीका श्री ५ महाराजाधिराजका मैंजापट्टिका छोरा श्रीयुद्धप्रतापजंग बहादुर कुवर राणाजी[४४] | ११ |
| बाह्रौं रोल श्रीउत्तरतर्फका कम्यांडिङ जनरल जीतजंग बहादुर कुवर राणाजीका श्री ५ महाराजाधिराजका मैंजापट्टि छोरा भया उनको[४५] | १२ |

---

३१. स्केच्इज् फ्रम् निपाल् ।

३२. वि. सं. २०३४ मा काठमाडौँबाट आर. राणाद्वारा प्रकाशित, प्रमोदशमशेर राणाको राणा नेपाल्– यान् इन्साइडर्'ज् भ्यू [एक जना राणाजीको दृष्टिमा राणाकालको नेपाल] ।

३३. वि. सं. २०३५ मा नयाँ दिल्लीबाट राजेश पब्लिकेशन्जद्वारा प्रकाशित, दमनशमशेर जङ्गबहादुर राणाको नेपाल्– रुल् यान्ड् मिस्रुल् [नेपाल– शासन र कुशासन] ।

३४. वि. सं. २०२४ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित, बालकृष्ण समको मेरो कविताको आराधन (चंपू) उपासना १
उपासना २

३५. जङ्गका भाइ । ३६. जङ्गका भाइ । ३७. जङ्गका भाइ । ३८. जङ्गका छोरा । ३९. जङ्गका छोरा । ४०. जङ्गका छोरा । ४१. जङ्गका पछि जन्मने ठचाहा छोराहरू । ४२. जङ्गका मठचाहा छोरा । ४३. जङ्गका मठचाहा छोरा । ४४. जङ्गका नाति । ४५. जङ्गका पछि जन्मने नाति ।

वहापछि ६ भाइका छोराहरू

तेह्रौ रोल श्रीमेजर जनरल केदारनरसींह कुवर राणाजी[४६] १३
चौधौं रोल श्रीमेजर जनरल बंविक्रम बहादुर कुवर राणाजी[४७] १४
पन्ध्रौं रोल श्रीमेजर जनरल बुद्धिविक्रम बहादुर कुवर राणाजी[४८] १५
सोह्रौं रोल श्रीलेफटेन्ट कर्नेल वीरसंशेर जंग कुवर राणाजी[४९] १६
सत्रौ रोल श्रीलेफटेन्ट कर्नेल अंबरजंग कुवर राणाजी[५०] १७
अठारौ रोल श्रीलेफटेन्ट कर्नेल धोजनरसिंह कुवर राणाजी[५१] १८
उनैसौ रोल श्रीमेजर जनरल रामकृष्ण कुवर राणाजी[५२] १९
बीसौ रोल श्रीलेफटेंट कर्नेल षड्गसंसेर जंग कुवर राणाजी[५३] २०
यकाइसौ रोल श्रीलेफटेंट कर्नेल भूपेन्द्रजंग कुवर राणाजी[५४] २१
बाइसौ रोल श्रीलेफटेंट कर्नेल रणसंशेर जंग कुवर राणाजी[५५] २२
तेइसौ रोल श्रीलेफटेंट कर्नेल देवसंशेर जंग कुवर राणाजी[५६] २३
चौबिसौ रोल श्रीलेफटेंट कर्नेल चन्द्रसंशेर जंग कुवर राणाजी[५७] २४
पचिसौ रोल श्रीलेफटेंट कर्नेल वीरविक्रम जंग कुवर राणाजी[५८] २५
छबिसौ रोल श्रीलेफटेंट कर्नेल भीमसंशेर जंग कुवर राणाजी[५९] २६
सत्ताइसौ रोल श्रीलेफटेंट कर्नेल फत्यसंशेर जंग कुवर राणाजी[६०] २७
अठाइसौ रोल श्रीलेफटेंट कर्नेल ललितसंशेर जंग कुवर राणाजी[६१] २८
वहापछि ४ भाइका विवाहिता भात षान हुन्या रानीपट्टिका अब जन्मन्या छोराहरू[६२]

वहापछि

**रोल श्रीलेफटेन्ट कर्नेल भैरवनरसिंह कुवर राणाजी[६३]** १
**रोल श्रीकर्नेल यक्षविक्रम बहादुर कुवर राणाजी[६४]** १
**... इति संवत् १९२४ साल माघशुदि १० रोज २ शुभम्**

(वि. सं. २००९ मा काठमाडौँबाट भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा प्रकाशित; उनीहरूको **कौटलीय अर्थशास्त्रको** ऐतिहासिक व्याख्याको १ संख्याका ३-४ पृष्ठमा, **इतिहास-संशोधनको प्रमाण-प्रमेयका** २१५-२१७ पृष्ठमा र **पूर्णिमाको** ४० अङ्कका १८०-१८१ पृष्ठमा यो अंश छापिएको छ ।

---

४६. जङ्गका भाइ बद्रीनरसिंहका छोरा। ४७. जङ्गका भाइ बमबहादुरका छोरा।
४८. जङ्गका भाइ कृष्णबहादुरका छोरा। ४९. जङ्गका भाइ धीरशमशेरका छोरा।
५०. जङ्गका भाइ जगत्‌शमशेरका छोरा। ५१. बद्रीनरसिंहका छोरा। ५२. कृष्णबहादुरका छोरा।
५३. धीरका छोरा। ५४. जगत्‌शमशेरका छोरा। ५५. धीरका छोरा। ५६. धीरका छोरा।
५७. धीरका छोरा। ५८. बमबहादुरका छोरा। ५९. धीरका छोरा। ६०. धीरका छोरा।
६१. धीरका छोरा। ६२. बद्रीनरसिंह, रणोद्दीपसिंह, जगत्‌शमशेर, धीरशमशेरका पछि जन्मने ठ्याहा छोराहरू।
६३. बद्रीनरसिंहका छोरा। ६४. बमबहादुरका छोरा।

ई. सं. १९६७ [वि. सं. २०२३/२०२४] मा न्यू योर्कबाट एशिया पब्लिसिङ हाउसद्वारा प्रकाशित, सतीश कुमारको **राणा पल्इटि इन् नेपाल्** [नेपालको राणाशासनव्यवस्था]का १६१–१६२ पृष्ठमा यस अंशको अङ्ग्रेजी अनुवाद छापिएको छ। )

जङ्गबहादुरले बनाएको आफ्ना उत्तराधिकारीहरूको रोलको यस सूचीमा जङ्गबहादुरका छोरा तथा नातिपछि जङ्गबहादुरका भाइका छोराहरू पर्न गएका छन्। यो रोल(क्रम)को कागज वि. सं. १९२४ मा लेखिएको हो। यस वेला सातौँ रोलवाला जनरल पद्मजङ्ग (जङ्गबहादुरका छोरा)को उमेर १० वर्षको थियो, एघाह्रौँ रोलवाला युद्धप्रतापजङ्ग (जङ्गबहादुरका नाति= नातिजर्नेल)को उमेर २ वर्षको थियो, सोह्रौँ रोल-वाला लेफटेनेन्ट कर्नेल वीरशमशेर (जङ्गबहादुरका भतिजा)को उमेर १५ वर्षको थियो, बीसौँ रोलवाला लेफटेनेन्ट कर्नेल खड्गशमशेर (जङ्गबहादुरका भतिजा) को उमेर ७ वर्षको थियो, बाइसौँ रोलवाला लेफटेनेन्ट कर्नेल रणशमशेर (जङ्गबहादुरका भतिजा)को उमेर ६ वर्षको थियो, तेइसौँ रोलवाला लेफटेनेन्ट कर्नेल देवशमशेर (जङ्गबहादुरका भतिजा)को उमेर ५ वर्षको थियो, चौबीसौँ रोलमा परेका लेफटेनेन्ट कर्नेल चन्द्रशमशेर (जङ्गबहादुरका भतिजा)को उमेर ४ वर्षको थियो, छब्बीसौँ रोलमा परेका लेफटेनेन्ट कर्नेल भीमशमशेर (जङ्गबहादुरका भतिजा)को उमेर २ वर्षको थियो। वीर, खड्ग, रण, देव, चन्द्र तथा भीम छ नै जना एघाह्रौँ रोलमा परेका युद्धप्रतापजङ्ग (जङ्गबहादुरका नाति= नातिजर्नेल) भन्दा जेठा थिए, नाताबाट पनि युद्धप्रताप-जङ्गका काका पर्थे।

| क्रम (रोल) सङ्ख्या | मानिस | जन्मकाल |
|---|---|---|
| १६ | लेफटेनेन्ट कर्नेल वीरशमशेर | वि. सं. १९०६ मार्ग २७ गते शुक्रवार[६५] |
| ७ | जनरल पद्मजङ्ग | वि. सं. १९१४ कार्तिक २८ गते बुधवार[६६] |
| २० | लेफटेनेन्ट कर्नेल खड्गशमशेर | वि. सं. १९१७ माघ १ गते शनिवार[६७] |

---

६५. वि. सं. २०३१ मा प्रकाशित रूपरेखाको १५७ पूर्णाङ्कका ९–४० पृष्ठमा छापिएको मेरो (सहायक–दिनेशराज पन्त) **सेतो बाघको ऐतिहासिक परीक्षा** भन्ने निबन्ध, सोही अङ्कका २८–२९ पृष्ठ।

६६. पद्मजङ्गले मेरो जन्म ई. सं. १८५७ डिसेम्बर १० मा भयो भनी लेखेका छन् (**लाइफ् अफ् महाराजा सर् जङ बहादुर्**को २०० पृष्ठ)। ई. सं. १८५७ डिसेम्बर १०, वि. सं. १९१४ मार्ग २७ गते वृहस्पतिवार पर्छ। तर वि. सं. १९१४ को पात्रोमा ज्योतिषी विश्वनाथ पाँडेले टिपेअनुसार पद्मजङ्गको जन्म वि. सं. १९१४ कार्तिक २८ गते बुधवार भएको देखिन्छ। सो टिपोट यस प्रकारको छ—

**वि. सं. १९१४ मार्गकृष्ण (पूर्णान्तमानले)**

| | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|
| कार्तिक | २८ | बुध | दशमी | १८ । | २८ | श्रीसूर्योदयाद् गतघटी ५६।४ श्रीजनरल पद्मजंग जन्म सू ६।२७।३७।४१ ल ६।२२।२५।२७ |

६७. रूपरेखाको १५७ पूर्णाङ्कको ३८ पृष्ठ।

| | | |
|---|---|---|
| २२ | लेफटेनेन्ट कर्नेल रणशमशेर | वि. सं. १९१८ मार्ग १० गते शनिवार[६७] |
| २३ | लेफटेनेन्ट कर्नेल देवशमशेर | वि. सं. १९१९ श्रावण ४ गते बृहस्पतिवार[६७] |
| २४ | लेफटेनेन्ट कर्नेल चन्द्रशमशेर | वि सं. १९२० आषाढ २६ गते बुधवार[६७] |
| २६ | लेफटेनेन्ट कर्नेल भीमशमशेर | वि. सं. १९२२ वैशाख ६ गते आदित्यवार[६७] |
| ११ | युद्धप्रतापजङ्ग (नातिजर्नेल) | वि. सं. १९२२ मार्ग ७ गते सोमवार[६८] |

आफूभन्दा कान्छा भतिजाको शेषपछि उनीभन्दा जेठा काकाले सो पद पाउनु प्रकृतिको नियम अनुकूल हुँदैन। यस कारण जङ्गको नियमअनुसार उनका भतिजाहरूले प्रधानमन्त्री बन्न सम्भव थिएन।

वास्तवमा जङ्गबहादुरले आफ्ना भतिजाहरूलाई एक हातले अधिकार दिई अर्को हातले सो अधिकार खोसेका थिए। यो कुरो जङ्गबहादुरले आफ्ना छोरानातिका उपरको सामान्य मानिसमा हुने स्नेहले प्रेरित भई गरेका थिए। यस्ता कुरामा उनका भाइभतिजाहरूको चित्त नबुझ्नु स्वाभाविक थियो। जङ्गबहादुरले आफ्नो शक्तिको भरमा यो काम गरेका थिए। आफ्नो शरीरको शक्ति गल्दै गयो, अब आफ्नो शक्तिको भरले गरेको यस कामको स्थायिता कसरी गराउने भन्ने चिन्ता जङ्गबहादुरलाई पर्नु स्वाभाविक थियो।

जङ्गबहादुरले श्री ५ सुरेन्द्रविक्रमलाई आफ्नो अनुकूल बनाई पहिले आफ्नो काम पटाएका थिए। सो कुरो यस प्रकारको छ—

## कोतपर्व हुनुभन्दा केहीअगाडिको अवस्था

जेठो छोरो यही हो, अधिकृति यसकै होस् भनी भूप खोज्थे,
कान्छीको प्रेमवर्षा सरस वचनले ती सधैँ मुग्ध हुन्थे।
छोरा रानी नमिल्दा कचपच घरमा नित्य भै नै रहन्थ्यो,
राजा राजेन्द्रलाई स्वगृहकलहले नित्य सन्ताप दिन्थ्यो ॥१॥
जेठाको जन्मले नै नियत गरिदियो यौवराज्याधिकार,
त्यो खोस्नालाइ कान्छी नरपतिरमणी खेल्दथिन् खूप चाल।
छोरा रानी दुवैमा धरणिपति थिए उत्तिकै सक्तचित्त,
सौताने मामिलाले नृपतिगृह भयो छिद्रवाला तसर्थ ॥२॥

---

६७· रूपरेखाको १५७ पूर्णाङ्कको ३८ पृष्ठ।

६८. शाके सम्वत् १७८७ सौरमानेन मार्गसिरे मासे दिन ७ गते दर्शान्तमानेन मार्गसिरशुक्लद्वितियातिथौ ज्येष्ठानक्षत्रे घटी २८।३७ सोमवारसरे दिनगतघटी १३।३४ मकरलग्ने श्रीजगत्तजङ्गबहादुरस्य पुत्र जन्म शुभम् ॥ ०४२ कात्ति पु १५ स्वर्गी

(नेपाल राष्ट्रिय अभिलेखालय चतुर्थ ल. नं. २२१७, नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ए ४०५/२२)

राजाको चित्त ज्यादै अदृढ, नरपतिप्रेयसी स्वार्थसक्ता,
अल्लारे बैँसका नै युवनृपति हुँदा राज्यको ता अवस्था ।
बिस्तारै बिग्रँदै गो, बहुत अनुभवी मारिए भारदार,
वैरीले हेर्न लागे, सकल जन भए त्रासको नै शिकार ।।४।।

यसै अवस्थामा कोतपर्व भयो । यसपछि जङ्गबहादुर विचार पुऱ्याई श्री ५ युवराजाधिराज सुरेन्द्रविक्रमका अनुयायी बने ।

राजाका पक्षपाती प्रमुख जन भए कोतमा नै सखाप,
राजा छन् खिन्न त्यल्ले, मसँग छ उनको चित्तमा खूप कोप ।
मेरो जो एकलौटी अधिकृति अहिले राज्यमा भैरहेछ,
रानीका पक्षपाती जनकन मुटुको शूल त्यै भैरहेछ ।।१९।।

राजाका ज्येष्ठ छोरा युवनृप अहिले भैसके सत्र वर्ष,
भावी भूपाल सम्झी उनकन बहुतै लोक मान्छन् सहर्ष ।
रानीको काम गर्दा युवनृपकन ता थुन्नु वा मार्नुपर्छ,
त्यस्तो गर्दा अवश्य प्रचुर मनुजको कोपभाग् बन्नुपर्छ ।।२०।।

रानी छन् खूप बाठी, अधिकृति सब नै ली स्वयं राजकाज
गर्ने इच्छा भएकी उनकन कसले ऐँचमा राख्न सक्छ ।
ऐले भूपालमाता हुन मकन तिनी सारिदिन्छिन् अगाडि,
त्यो पुग्नासाथ आपना अनुचरसँग भै पारिहाल्छिन् पछाडि ।।२१।।

आमाले छाडिएका, निजबल नहुँदा चित्तमा तर्सिएका,
सौताने मामिलाका कुचरितहरुको अग्निमा पिल्सिएका ।
अल्लारे बैँसका छन् युवनृप, बलियो ती कुनै आड खोज्छन्,
ऐले मैले दिएमा बल मसँग तिनी साँच्चिकै रत्तिनेछन् ।।२२।।

यो सम्झी जङ्ग लागे युवनरपतिको पक्ष ली काम गर्न,

यसपछि भण्डारखालपर्व भयो । अनि श्री ५ राजेन्द्र श्री ५ कान्छा बडामहारानी तथा कान्छीपट्टिका श्री ५ अधिराजकुमारहरूलाई साथ लिई काशी गए । काशीमा केही काल बसी श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम केही भारादारहरूका साथ नेपाल–भारतको सिमाना सुगौलीमा आई काठमाडौँमा आउने उद्योगमा लागे । जङ्गबहादुरलाई सन्ताप पऱ्यो ।

राजा राजेन्द्र आए, बहुत अनुभवी साथ छन् भारदार,
श्रद्धा अत्यन्त राखी नृपकन जनता मान्छ देवावतार ।
स्वामीज्यू फर्कँदामा सदलबल भए नष्ट दामोदरादि,
के गर्दा हुन्छ रक्षा यस समय भनी पीर भो जङ्गलाई ।।३६।।

## जङ्गबहादुरको श्री ५ सुरेन्द्रसँग बिन्ती

हाम्रा राजा तरङ्गी, कलुषितचरिता राजपत्नी हुनाले
धेरैले दुःख पाए, मुलुक पनि भताभुङ्ग बन्दो छ ऐले।
पृथ्वीनारायणाख्य प्रथित नृपतिको बुद्धिले जोडिएको
हाम्रो यो देश ऐले कुमति नृपतिको कामले डुब्न आँट्यो ।।३७।।

यो ठूलो देश थाम्नाकन अति दरिला भूपले मात्र सक्छन्,
हाम्रा भूपाल बन्नाकन युवनृप नै योग्य यो देशमा छन्।
यस्तो बोल्छन् प्रजा यी सकल, सब यही बोल्दछन् भारदार,
पुर्खाको धर्म थाम्नाकन नृपपदमा राज होस् नाथ आज ।।३८।।

छोराले बाबुलाई सकल तरहले मान नै गर्नुपर्छ,
छोराको होस् सुरक्षा यति निज मनमा बाबुले राख्नुपर्छ।
सौताका पुत्र सम्झी हजुरहरु दुवै भाइको नाश गर्न
सानीमा खोज्नुहुन्छ प्रतिदिवस, बुबा काम त्यो रोक्नुहुन्न ।।३९।।

ठूलो आपत्ति आयो, अरु पनि प्रभुले नेत्र चिम्ली बसेमा
गोर्खाली राजलक्ष्मी अलिकति दिनमै पर्न जालिन् विपद्मा।
हाम्रो यो बिन्ति लागोस्, नृपतिमुकुटले नाथलाई सिँगारोस्,
गद्दीमा राज होओस् प्रभुवर, दुनियाँ योग्य भूपाल पाओस् ।।४०।।

हाम्रा होऊन् सुरेन्द्र क्षितिपति यति नै जप्छ नेपाल आज,
जे जे हो गर्नुपर्ने त्यसतिर पनि ता भैसके धेर काज।
गद्दीमा राज होओस्, नृवर हजूरको गाथगादीसुरक्षा
हामी गर्छौं खडा भै, यसतिर प्रभुले गर्नुपर्दैन चिन्ता ।।४१।।

## सुरेन्द्रविक्रमको सिंहासनारोहण

यस्ता वार्ताहरूले युवनरपतिका बन्दथे जङ्ग आप्त,
त्यो सारा सत्य सम्झी युवनृपति भए राजसिंहासनस्थ।
राजा आफना हुनाले निजहित जसरी हुन्छ त्यस्तै गरेर
राजाज्ञा लेख्न लागे कुँवर, अब भयो पूर्ण एकाधिकार ।।४२।।

सुरेन्द्रविक्रम शाह राजा भएको खबरले क्रुद्ध भएका श्री ५ राजेन्द्रविक्रम शाह लडाईँको उद्योगमा लागे। यस अवस्थामा जङ्गबहादुरले श्री ५ सुरेन्द्रसँग गरेको बिन्ती।

राजाका ज्येष्ठ छोरा धरणिपति हुने शास्त्रमा लोकमा छ,
जेठो भै जन्मनाले प्रभु छ हजुरको वैध राज्याधिकार ।
सानीआमा बलैले नियमकन मिची खोस्न त्यो खोज्नुहुन्छ,
सौताको पुत्र सम्झी हजुरकन कडा दृष्टिले हेर्नुहुन्छ ।।४५।।

कान्छीको मोहनीमा धरणिपति बुबा सर्वदा पर्नुहुन्छ,
त्यल्ले कस्तो खराबी मुलुककन भयो, यो त जाहेर नै छ ।
ऐले जो यो किरीट प्रभु छ हजुरको माथमा, खोस्न सोही
कान्छीको प्रेरणाले क्षितिपति करमा शस्त्र ली भो सवारी ।।४६।।

ऐले इच्छा बुबाको सफल हुन गए नाथको माथबाट
झट्टै कान्छी मुमाका सुतशिरतिरमै सर्न जाला किरीट ।
सौताने मामिलाले हजुरहरु दुवै भाइलाई अवस्था
कस्तो पार्दिन्छ, मेरो मनबिच अहिले यै छ अत्यन्त चिन्ता ।।४७।।

चिन्ता ल्यायो नवीन क्षितिपतिमनमा जङ्गका यी कुराले
जङ्ग के गर्नुपर्ला यस समय भनी नव्य भूपाल बोले ।
आफ्ना साक्षात् बुबा श्रीप्रतन नृपतिको गाथको होस् सुरक्षा,
पाऊन् दोषीहरूले उचित फल भनी गर्नुपर्ला व्यवस्था ।।४८।।

ज्यादै संकष्टको यो समय छ, नयाँ नाथको राजकाज,
ताक्दैछन् गाथगादी बहुत, हजुरले होश ली बस्नुपर्छ ।
राजप्रासादलाई बहुत तरहले होशियारी गरेर
रक्षा गर्दो छु रातोदिन नियत भई यो त जाहेर नै छ ।।४९।।

जङ्गबहादुरका जेठान सनकसिंह पल्टन लिई श्री ५ राजेन्द्रका सेनालाई रोक्न हिँडे ।

आएका छन् कुल्याहा सदलबल भई गाथगादी बिथोल्न,
मेरा जेठान जाऊन् भटकन सँग ली दुष्टको गर्व हर्न ।
राम्रो लाग्यो नवीनक्षितिपतिमनमा जङ्गको यो विचार,
राजाज्ञाबाट निस्के सनक भट लिई जङ्गइच्छानुसार ।।५०।।

जङ्गबहादुरको नाश गर्न भनी सैन्य लिई अलौमा आएका आफ्ना साक्षात् बाबु श्री ५ राजेन्द्रलाई रोक्न भनी १६ वर्षका श्री ५ माहिला अधिराजकुमार उपेन्द्रविक्रम शाह जङ्गबहादुरका भाइ बमबहादुरका साथ सेना लिई गए ।

आफना भैंयाद आफना गुरुकन सँग ली सैन्यको साथ राजा
आएका छन् स्वयं नै, उनसँग रणमा सामु नै भिड्नुपर्दा।
सेनाको राजभक्ति प्रकट हुनु कुनै बेरको बात हुन्न,
यस्तो सम्झेर बाठा कुँवर अरु बढी गर्न लागे प्रयत्न ।।५१।।

अन्धा हुन्छन् सिपाही, प्रतन नृपतिको गाथको रक्षणार्थ
सेनालाई सह्याल्ने प्रमुख जन कुनै जानु नै बेस हुन्छ।
आफैं होऔस् सवारी अधिकृति सब ली माहिला राजपुत्र,
मेरो जानेछ भाई पछिपछि प्रभुको पाउको रक्षणार्थ ।।५२।।

सौताने मामिलाले नृपसुत दुइटै नै थिए खिन्न भिन्न,
निस्के युद्धार्थ त्यल्ले बमकन सँग ली माहिला राजपुत्र।
ढल्की कान्छी पियारीतिर नृप टुहुरा पुत्रको भाग खोस्न
खोज्छन् भन्ने कुरा भो, उनतिर भटको भक्ति राम्रो रहेन ।।५३।।

(पूर्णिमाको ४० अङ्कका १५९–१७३ पृष्ठबाट। यहाँ कहीं कहीं संशोधन गरिएको छ।)

मैले श्री ५ सुरेन्द्रलाई आफ्नो अनुकूल बनाउन सकेकोले नै यो ऐश्वर्य पाएको हुँ भन्ने सम्झेका प्रतिभाशाली जङ्गबहादुरले मेरो शेषपछि पनि श्री ५ सुरेन्द्र मेरा सन्तानका अनुकूल भइरहून् भन्ने आशयले हामी सरकारका निमकको सोझो चिताउने सेवक हौं, सरकारको निगाहाले नै हामीले ऐश्वर्य पाएका हौं भन्ने कुरा सरकार (श्री ५ सुरेन्द्र)को कानमा परोस् तथा दिलमा पनि जमिरहोस् भन्ने उद्देश्यले

> श्रीनेपालसर्कारका निमक्को सोझो चिताई फौज रयेत्हरूलाई अैनबमोजिम् इन्साफ गरि राजि राषिन्या नेपाल भरमुलुक्का अषतियार भयाका आफ्ना मुलुक्को जानत् भरमक्दुर बेहतर गर्न्या श्रीश्रीश्रीमहाराजः जंगबहादुर राणा... का दुरूस्त मुर्ति दुनियादारहरूले पछिसम्म चिन्हुन् भनि श्री ५ माहाराजाधिराज सुरेन्द्रविक्रम साह बहादुरबाट राषिबक्सनुभयाको हो

यस्तो वाक्य जङ्गबहादुरले आफ्नो सालिक रहेको खम्बामा कुँदाएको देखिन्छ। यस भावलाई झन् स्पष्ट पार्न श्री ५ सुरेन्द्रका छाते जस्तो भई उनलाई आफ्नो पिठ्युँमा बोकी जङ्गबहादुरले सबैलाई देखाएका हुन्। जङ्गबहादुरको यो काम बुद्धिमत्तापूर्ण थियो। अब यस कुराको व्याख्या प्रस्तुत गरिन्छ।

वि. सं. १९३३ फाल्गुन १६ गते आदित्यवार जङ्गबहादुरको स्वर्गवास भयो।[६८] त्यसको १ वर्षपछि वि. सं.

---

६९. वि. सं. २०३२ मा प्रकाशित, पूर्णिमाको ३३ अङ्कका ४०–४८ पृष्ठमा छापिएको दिनेशराज पन्तको शुभराज्याभिषेकको अवसरमा प्रकाशित फ्याक्ट्स् अबाउट् नेपाल्मा रहेका अतथ्य कुरा भन्ने निबन्ध, सोही अङ्कका ४६–४७ पृष्ठ।

वि. सं. १९३३ फागुन १३ गते गोविन्द द्वादशी, तदनुसार फेब्रुअरी २५ ता. १८७७ ई. का दिन सबेरै

१९३४ चैत्र १९ गते शनैश्चरवार श्री ५ युवराजाधिराज त्रैलोक्यविक्रम शाह (जङ्गबहादुरका जुवाईं)[७०] को ३० वर्षको उमेरमा स्वर्गवास भयो।[७१] जङ्गदलको लागि यो अशुभ लक्षण थियो।

वि. सं. १९३८ ज्येष्ठ ६ गते मङ्गलवार श्री ५ सुरेन्द्रविक्रम शाहको ५२ वर्षको उमेरमा स्वर्गवास भयो।[७२]

---

पूजापाठ सकेर दान-समेतको कार्यक्रम सके। ...जम्मा ३० वर्षतम्म नेपाल अधिराज्यको शासनको बागडोर आफ्नो हातमा लिई राणाशासनका जन्मदाता कास्की-लमजुङका श्री ३ महाराज, प्रधान मन्त्री औ सर्वोच्च प्रधान सेनापति, जी. सी. बी.; जी. सी. एस. आई., थोङ्ग-लिन-पिम्मा-कोकाङ्ग-वाङ्ग-स्यान्, सर, जङ्गबहादुर कुँवर राणा नेपालको इतिहासमा दिग्विजय मच्चाई सोही दिन आधारातको समयमा उनान्साठी वर्ष, आठ महीनाको उमेरमा शान्तिपूर्वक उनको मृत्यु भयो।

(श्री ३ हरूको तथ्य वृत्तान्त भाग १ का १५७, १५८ पृष्ठ)

भनी लेखिएको अशुद्ध देखिन्छ।

७०. श्री ३ हरूको तथ्य वृत्तान्त भाग १ को १२६ पृष्ठ।

७१. शाके १७६९ कृष्णादिमार्गशिलकृष्णअष्टमिपर नवमि पूर्वमालगुणिघटि ३९।१९ मंगलवार रात्रिगतघटि ६।२४ श्रीत्रैलोक्यविक्रमसाहजन्म

३४ साल चैत्रवदि १२ रोज ७ दीन बाकि १३।१४ मा स्वर्गी

(कुण्डलीसङ्ग्रहबाट, नेपाल राष्ट्रिय अभिलेखालय चतुर्थ ल. नं. २२१७, नेपाल-जर्मनहस्तलिखितग्रन्थ-संरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ए ४०५।२२, त्रैलोक्यविक्रमको जन्मसम्बन्धी वाक्यको धेरै अंश रूपरेखाको १५७ पूर्णाङ्कको २७ पृष्ठमा छापिएको छ।)

वि. सं. १९३४ चैत्रकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| चैत्र | १९ | शनि | द्वादशी | ३६। २८ |

(पात्रोबाट)

यताबाट वि. सं. १९३४ चैत्र १९ गते त्रैलोक्यविक्रमको मृत्यु भएको स्पष्ट हुन्छ। यस कारण श्री ३ हरूको तथ्य वृत्तान्त भाग १ को १८५ पृष्ठमा

वि. सं. १९३४ चैत्र १२ गते का दिन श्री ३ रणोद्दीपसिंहले आफ्नो पद सँभालेको तेह्र महीना भित्र श्री ५ युवराजाधिराज त्रैलोक्यवीर विक्रम शाह (वलिअहद)को "शूलको" व्यथाले जम्मा तीस वर्ष तीन महीनाको उमेरमा मृत्यु भयो।

भनी लेखिएको ठीक देखिँदैन।

७२. पूर्णिमाको ४० अङ्कको १७५ पृष्ठ।

वि. सं. १९३८ जेष्ठ ४ गतेका दिन जम्मा एकाउन्न वर्ष आठ महिनाको उमेरमा श्री ५ महाराजाधिराज, सुरेन्द्र वीरविक्रम शाहदेवको मृत्यु भयो।

(श्री ३ हरूको तथ्य वृत्तान्त भाग १ को १९६ पृष्ठ)

भनी लेखिएको अशुद्ध देखिन्छ।

श्री ५ महाराजाधिराज सुरेन्द्रको मृत्यु भएपछि त्यही साल माघमा ३८ सालको पर्व उठ्यो । जगत्जङ्ग (जङ्गबहादुरका जेठा छोरा)ले श्री ३ रणोद्दीपसिंह र कम्यान्डर इन चीफ धीरशमसेरलाई मार्ने उद्योग गरेको रहस्योद्घाटन भएको हुनाले ३८ सालको पर्व उठेको हो भन्ने कुरा लोकप्रसिद्ध छ । यही पर्वले गर्दा जगत्जङ्गको रोल काटियो । कर्नेल इन्द्रमानसिंह टण्डन (जगत्जङ्गका मामा), कप्तान बख्तुवार शाही (जङ्गबहादुरका जुवाइँ), कर्नेल वीरमानसिंह बस्न्यात (जगत्जङ्गका मामाका सम्धी) आदि जङ्गदलका ठूलाठूला भारादारहरू काटिए । जङ्गदलको बल गिराउनाका लागि ३८ साल पर्व सहायक भयो ।[७३]

धीरशमशेरको स्वर्गवास वि. सं. १९४१ आश्विन ३० गते मङ्गलवार भयो ।[७४] यसपछि श्री ३ रणोद्दीपसिंहले जगत्जङ्गलाई फेरि रोल दिई आफ्नो उत्तराधिकारी बनाउने विचार गरे ।[७५] यो बडो विचित्रको कुरो छ । आफूलाई मार्ने मुद्दामा परेका जगत्जङ्गलाई रणोद्दीपसिंहले के सम्झी सफाइ दिन खोजे । धीरशमशेरले अन्यायसँग जगत्जङ्गलाई फरेब लगाई गिराए, धीरशमशेरको लहैलहैमा लागेर मैले नचाहिँदो काम गरेँछु भन्ने भाव अपुता तथा धर्मभीरु श्री ३ रणोद्दीपसिंहको मनमा उठेको थियो भन्ने तर्क ओजन नभएको हुँदैन ।

बयालीस सालसम्म श्री ५ सुरेन्द्र जीवित रहेका भए आफ्ना साक्षात् छोरीजुवाइँ जगत्जङ्ग, आफ्ना साक्षात् छोरीका छोरा युद्धप्रतापजङ्गलाई समेत मार्ने सत्रभाइहरूको जालसाजी काममा उनको सहमति हुनु गाह्रो थियो ।

बयालीस सालको पर्व हुँदा राजा श्री ५ पृथ्वीवीरविक्रम शाह १० वर्षका बालक थिए । उनकी आमा तथा जेठी सौतेनी आमा दुवै श्री ५ महारानीहरू जङ्गबहादुरका छोरी हुन् । राजाकी जेठी सौतेनी आमा श्री ५ जेठा महारानी जगत्जङ्गकी साख्खै बहिनी हुन् । उनीपट्टि शाहजादी पैदा भएकी थिइन् । जगत्जङ्गले श्री ५ पृथ्वीवीरविक्रमलाई राज्यच्युत गरी आफ्नी साख्खै भाञ्जी शाहजादीलाई राजसिंहासनमा राख्ने उद्योग गरेका छन् भन्ने कुरा वीरशमशेरहरूले श्री ५ पृथ्वीवीरविक्रम शाहका आमाको कानमा पुऱ्याएका थिए । यस्तै कुराहरूले राजमातालाई प्रभाव पार्न सकेका हुनाले नै जङ्गदललाई हटाउन धीरदल सफल भयो ।[७६]

---

७३. वि. सं. २०२९ मा प्रकाशित, **पूर्णिमा**को २७ अङ्कका १७८–१८० पृष्ठमा छापिएको बाबुराम आचार्यको **१९३८ सालको पर्व** भन्ने निबन्ध । त्यसमा परेका मानिसको परिचय बखतमानसिंह बस्न्यातबाट मैले पाएको हुँ ।

७४. वि. सं. २०१७ मा काठमाडौँबाट म आफैँद्वारा प्रकाशित, मेरो **विद्या–रक्षा** ४ संख्याको ६ पृष्ठ ।

**वि. सं. १९४१ कार्तिक ११ गते रातमा प्रधान सेनापति धीरशमशेर जङ्ग राणाबहादुर 'सत्रभाइ शमशेर राणाहरूका बुबा, जसको जन्म वि. सं. १८८४ कार्तिक १४ गते रोज १ का दिन भएको थियो', आर्यघाटमा सन्तावन्न बर्ष पुग्न चार दिन बाँकीमा मृत्यु भयो ।**

**(श्री ३ हरूको तथ्य वृत्तान्त भाग १ को २०३ पृष्ठ)**

भनी लेखिएको अशुद्ध देखिन्छ ।

७५. वि सं. २०२८ मा प्रकाशित, **पूर्णिमा**को २५ अङ्कका ३९–६० पृष्ठमा छापिएको मेरो **श्री ३ महाराज रणोद्दीपसिंह** भन्ने निबन्ध, सोही अङ्कका ४५, ४८ पृष्ठ ।

**श्री ३ हरूको तथ्य वृत्तान्त भाग १** का २०६–२०८ पृष्ठ ।

७६. ई. सं. १९७६ (वि. सं. २०३२/२०३३) मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा पुनः प्रकाशित, पश्चिमल

श्री ५ सुरेन्द्रका भाइ, श्री ५ अधिराजकुमार उपेन्द्रविक्रम वीरशमशेरका ससुरा थिए।[७७] श्री ३ रणोद्दीपसिंहलाई मारी वीरशमशेरहरू बालक राजा श्री ५ पृथ्वीवीरविक्रम शाह तथा राजमातालाई साथ लिई उपेन्द्रविक्रमको घर बागदरबारमा बस्न पुगे। अहिले राजा बालक हुनुहुन्छ, बदमाशहरूले बदमाशी गरे, हामीले राजाको रक्षा गर्नुपर्दछ, राजघरानाका सबभन्दा बूढा मानिस माहिला साहेबज्यू (उपेन्द्रविक्रम शाह) कहाँ लगी हामीले राजाको रक्षा गरिरहेछौं भन्ने कुरा सेना तथा दुनियाँलाई सुनाउन वीरशमशेरहरूले यो काम गरेका हुन्।[७८]

धीरशमशेरका घरका पण्डित शिरोमणिका माहिला छोरा काशीनाथ आ. दी. (माहिला पण्डित)ले ४२ सालको पर्वको कुरा विस्तारपूर्वक लेखेका छन्। त्यसको अलिकता अंश सुनाउँछु—

श्री ३[७९] बाट को हो ढोका खोल दे भन्ने हुकुम भयेछ र ढोका खुलेछ। झट्ट ३ जना भित्र पसनु भएछ र हडबडले खडग[८०]ले नै स्वास्निको फरिया मनि घुस्नि जगत जं लाइ खडा गर्न खोजेको फल यहि हो भनि गोली हान्नु भएछ। तहां पछी डमर[८१]ले भीम[८२]ले हान्नु भएछ। वांहाको गाथ ताहीं ढेर भएछ। तहांबाट निस्की सरासर श्री ५ महाराजाधिराजकांहा सवारी भएछ र बाहालाइ लिएर श्री ५ मा. ब. म.[८३] श्री ५ का. मैं.[८४] श्री ५ म. धी.[८५]हरू तल आउनु भएछ। माथि बन्दुकको आवाज हुंदा तल हजूरीयाहरूले क्या हो भन्न खोजे छन् बीर[८६]बाट तांहा गडबड भयो भने बन्दुक हान्ने बन्दोवस्तसित आफु र उपेन्द्र विक्रम राज भयाको थियो। खबर्दार दगा भयेको जस्तो छ बुझेर भन्नु भयेछ। यति हुंदा श्री ५ हरू र खड्गहरू तल पुग्नु भयेछ। दगा भयो, श्री ५ म. धी.[८७] को गाथको हिफाजत गर्नु पऱ्यो भन्ने भै बगीमा राज भै सवारी भयेछ। हजूरिया गारदको अफसर नरविर वस्नेतले गारद लियेर आयेछ। गारदलाइ लौ भाइ हो महाराजको गाथमा दगा भयेछ श्री ५ म.धि.[८८] को गाथको बचाउको निमित्त तिमिहरू बगीको बचाउ गरी हिंड भन्ने भयेछ। गारदले बगीलाइ घेरेछ र बगीको हिफाजत गर्दै गयेछ। धोज नर्सिङ आये भने गोली हान्नु भन्ने उर्दि दि फौद सिं कप्तानलाइ धोज नर्सिङको बंगलाबाट आउने बाटोमा राखेको रहेछ। कताबाट बन्दुकको अवाज भयेछ र फौद सिं तांहाबाट गयेछन् धोज नर्सिङ बाइन

---

ल्याण्डनको नेपाल् १–२ भागात्मक संयुक्त पुस्तकको दोस्रो भागका ५६–५९ पृष्ठ।

वि. सं. १९८६ मा काशीबाट देवीप्रसाद उपाध्यायद्वारा प्रकाशित, अम्बिकाप्रसाद उपाध्यायको नेपालको इतिहासको दोस्रो संस्करणका २११–२१२ पृष्ठ।

वि. सं. २०१६ मा ललितपुरबाट मदनपुरस्कारगुठीद्वारा प्रकाशित, नेपालीको २ पूर्णाङ्कका ३-३३ पृष्ठमा छापिएको, कमल दीक्षितद्वारा सम्पादित '४२ साल' श्री काशीनाथ आचार्य दीक्षित (१९१८–१९९४), सोही अङ्कको ३३ पृष्ठ।

इतिहास–संशोधनको प्रमाण–प्रमेयका २१५–२२२ पृष्ठ।

७७. श्री ३ हरूको तथ्य वृत्तान्त भाग १ को २८६ पृष्ठ।

७८. पूर्णिमाको २५ अङ्कका ५४–५६ पृष्ठ।

७९. रणोद्दीपसिंह। ८०. खड्गशमशेर। ८१. डम्बरशमशेर। ८२. भीमशमशेर।

८३. श्री ५ माहिला बडामहारानी = श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रमकी मुमा।

८४. श्री ५ कान्छी मैयाँ साहेब। ८५. श्री ५ महाराजाधिराज। ८६. वीरशमशेर।

८७. श्री ५ महाराजाधिराज। ८८. श्री ५ महाराजाधिराज।

खायेर मस्त रहेछन् ढनमनिंदै आये छन् । झ्यालबाट श्री ३ बडा महारानीले धीर सम्सेरका छोराहरूले दगा गरे गारद गारद भनेर हुकुम भयेछ गारद गैसकेको सबै हजूरीया भागी सकेछन् कोइ पनि भयेन छन् । ... नारानहिटीबाट सवारी बागमा पुग्ये पछी बाग दर्बारलाइ ४ पल्टनले घेरी सकेपछी वीर सम्सेर महाराज भै बक्सेको तोपको सलामी भएछ ।

(यो अंश सर्वप्रथम नेपालीको २ पूर्णाङ्कका २२–२३ पृष्ठमा छापिएको हो, त्यसपछि वि. सं. २०३१ मा काठमाडौँबाट नरेन्द्रमणि आचार्य दीक्षितद्वारा प्रकाशित तथा सम्पादित भएका कुराका १७–१८ पृष्ठमा छापिएको छ । )

वीरशमशेरको एउटा आज्ञापत्र पनि अब सुनाइहालूँ ।

स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज वीरसंशेर जंग राणा बहादुर प्रायम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफकस्य रुक्का –

स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीमेजर कप्तान जोगप्रसाद बस्नेत क्षेत्री कप्तान लक्ष्‌ स्वार क्षेत्रीके सलाम· उप्रान्त श्री ३ महाराज रणउद्दीपसिंह राणा स्वर्ग भया· बागी भयाका जगतजंगलाई छोडाउन उनका मदतमा उनका भाइहरू र केदारनर्सि अमरजं धोजनर्सिसमेत लागी श्री ५ महाराजाधिराजको गाथगादि श्री ५ माहिला बडामहारानीका स्मेत गाथ इजत ज्यानको दगा गऱ्याकोमा हामीबाट निमकको सोझो चिताई गाथगादी बचाई इज्जतसमेतको सोझो गऱ्याको हुनाले गाथगादी बचाउँदा स्वर्गवासी श्री ३ महाराज जंगबहादुर राणालाई अषत्यारि लालमोहर लेषीयाबमोजिको र हालहुकुम काटनु मार्नु मुढनु दामल गर्नु सर्वस्व गर्नु धपाउनु लिनु दिनु षर्च गर्नु गैह्र कामकाज गर्नु हाम्रो मंजुर छ भंन्या हालीमुहाली अषत्यारी महाराजी षिताब हामीलाई श्री ५ सर्कारबाट लालमोहर गरिबक्स्याको छ· ...बागी भयाका जगतजंगका मदतमा लागेका जनरल पद्मजंग जनरल रणवीरजङ्ग थापाथलीका राणाजीहरू र जनरल केदारनर्सि अमरजङ्ग धोजनर्सिंहरूमा कोही भागी त्यो बाटो आयो भन्या पक्री नेल ठोकी बाटामा नउम्कने गरी पक्का सुबेदार हुद्दा सिपाहीहरू लाई षडी पहरा गराई हाम्रा हजुरमा पठाइदिन्या काम गर·

इति संवत् १९४२ साल मार्गवदि १ रोज २[८९] शुभम्

(यो पत्र सर्वप्रथम वि सं. २०१८ मा काठमाडौँबाट संशोधन–मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित अभिलेख–संग्रहको १ भागका ३–१८ पृष्ठमा छापिएको मेरो इतिहासको खोजीमा मेरो अनुभव भन्ने निबन्धमा (१६ पृष्ठमा) छापिएको हो । त्यसपछि इतिहास-संशोधनको प्रमाण–प्रमेयको २२२ पृष्ठमा छापिएको छ । )

रणोद्दीपसिंह मारिएको भोलिपल्ट यो आज्ञापत्र लेखिएको हो । रणवीरजङ्ग (जङ्गबहादुरका छोरा) ले रणोद्दीपसिंहलाई माऱ्यो भन्ने हल्ला वीरशमशेरहरूले पिटाएका थिए. यो कुरा शहरमा फैलिएको थियो भनी मेरा मातामह भुवननाथ पाँडे भन्नुहुन्थ्यो । वीरशमशेरको माथि उल्लिखित रुक्काबाट पनि यस्तै भाव आउँछ ।

---

८९. वि. सं. १९४२ मार्ग १० गते सोमवार ।

राजमाता र राजाका काकाबाजेलाई आफ्नो पक्षमा मिलाई बालक राजालाई आफ्नो अनुकूल पार्न सकेकाले धीरदल जङ्गदलको नाश गर्न सफल भयो। यसपछि तरबार लिएर मैदानमा रणवीरजङ्ग आएका थिए, तर सफल हुन सकेनन्।[६०]

श्री ५ सुरेन्द्र जीवित रहेका भए उनको स्नेहदृष्टि जङ्गदलमा हुँदा तरबार लिएर उठेको जङ्गदललाई पछार्न धीरदललाई गाह्रै पर्थ्यो। दूरदर्शी जङ्गबहादुरको राजभक्ति पछि आफ्ना सन्तानमा पर्न सक्ने विपत्ति रोक्ने उद्देश्यले प्रेरित थियो भन्ने देखिन्छ।

श्री ५ महाराजाधिराज सुरेन्द्रको मृत्यु दैवले ५२ वर्षमा गराइदिएको र श्री ५ युवराजाधिराज त्रैलोक्य-विक्रमको स्वर्गबास ३० वर्षको उमेरमा भएको हुनाले जङ्गबहादुरले चिताएको कुरा पुगेन।

राजनीतिमा राम्रो सोचाइ र कामगराइले सफलता हुन्छ, बेढङ्गको सोचाइ र कामगराइले असफलता हुन्छ। राम्रो सोचाइ र कामगराइलाई नय भन्दछन्। बेढङ्गको सोचाइ र कामगराइलाई अपनय भन्दछन्। नय र अपनय मानिसको हातमा हुन्छ। दैव अनुकूल हुनुलाई अय भन्दछन्। दैव प्रतिकूल हुनुलाई अनय भन्दछन्। यो कुरो मानिसको हातमा हुँदैन। कौटल्यले यस विषयमा यस्तो बोलेका छन्—

**दैवमानुषं हि कर्म लोकं यापयति ।।७।। अदृष्टकारितं दैवम् ।।८।। तस्मिन्निष्टेन फलेन योगोऽयः, अनिष्टेनाऽनयः ।।९।। दृष्टकारितं मानुषम् ।।१०।। तस्मिन् योगक्षेमनिष्पत्तिर्नयः, विपत्तिरपनयः ।।११।। तच्चिन्त्यम्, अचिन्त्यं दैवमिति ।।१२।।**

**(कौटलीय अर्थशास्त्र ६ अधिकरण २ अध्याय)**

**दैवी शक्ति र मानुषी कृति मिली संसार यो चल्दछ,**
**दैवी शक्ति मनुष्यको पहुँचको टाढा भई हिँड्दछ।**
**राम्रो चिन्तनसाथ चल्दछ सधैँ षाड्गुण्यवेदी जन,**
**आफ्नो चिन्तनबाट बन्दछ तथा साफल्यको भाजन ।।**
**दैवी आपत्ति आए नयपटु जनको नीतिले काम दिन्न**
**भन्थे कौटल्य, सोही घटित हुन गयो जङ्गको नीति भाँड्न।**
**यो ता साँचो कुरा हो, तर पनि मतिमान् जङ्गको नीतिमार्ग**
**पार्ला केहीनकेही विविदिषु जनको चित्तभित्र प्रकाश ।।**

यस निबन्धलाई तयार गर्दा महेशराज पन्तबाट केही काम भएको छ। भोलानाथ पौडेल र दिनेशराज पन्तबाट अलिकता काम भएको छ। सबैलाई यथोचित धन्यवाद छ।

(यो लेख नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्यहरूले आआफ्नो विषयसँग सम्बद्ध कुनै विषयमा तीन तीन महीनामा लिखित रूपमा प्रवचन दिनुपर्ने सिलसिलामा वि. सं. २०३६ कार्तिक ९ गते शुक्रवार प्रज्ञाभवनमा दिइएको प्रवचनको पाठ हो। यो प्रवचन भइसकेपछि निस्केका पुस्तकको केही उपयोग पनि अहिले प्रकाश गर्दा गरिएको छ।)

□

---

९०. अभिलेख-संग्रह १ भागको ७ पृष्ठ। श्री ३ हरूको तथ्य वृत्तान्त भाग १ को २४२ पृष्ठ।

# पिशाचचतुर्दशी / घोडेजात्राको विषयमा

—महेशराज पन्त

खास भारतमा सयौं वर्षको विधर्मी शासनले गर्दा परम्परादेखि चल्दै आएका निकै चाडपर्व जात्रामात्रा बिस्तारै त्यहाँबाट हराउँदै गए र तिनको अस्तित्व पुराना लेखबाट थाहा पाउनुपर्ने स्थिति आयो । तर विधर्मीको पञ्जामा नपरेकोले र सम्पन्न पनि भएकोले नेपालखाल्डोमा त्यो स्थिति आएन र पुराना निकै चाडपर्व जात्रामात्रा यहाँ ह्रासिएनन् र यथावत् चली नै रहे । यसको एउटा राम्रो उदाहरणको रूपमा संस्कृतवाङ्मयमा प्रशस्त चर्चा आएको[1], तर अहिले नेपालखाल्डोलाई छोडेर भरतखण्डमा अन्यत्र कहीँ पनि नमानिने[2] इन्द्रजात्रालाई अघि सार्न

---

१. वि. सं. १९९४ मा ज्यूरिख र लाइपजिगबाट म्याक्स नीहान्स फेर्लागद्वारा प्रकाशित, योहान याकोब मेयरको **ट्रिलोगि : आल्ट्इन्डिश्चेर् मेख्टे उन्ड् फेस्टे डेर् भेगेटाश्योन्, आइन् बाइट्राग् जुर् फेर्ग्लाइखेन्डेन् रेलिजिओन्ज् उन्ड् कुल्तुर्गेशिख्टे, फेस्ट्- उन्ड् फोक्स्कुन्डे** [तीन रचना : उद्भिद्सम्बन्धी प्राचीन भारतीय देवता र चाडबाड, तुलनात्मक धर्म र सांस्कृतिक इतिहाससम्बन्धी लेख, चाडबाड र लोकपरम्परासम्बन्धी विद्या]को ३ खण्डका १–१९८ पृष्ठ ।

ई. सं. १९७४ (वि. सं. २०३०/२०३१) मा पूनाबाट भाण्डारकर प्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित पाण्डुरङ्ग वामन काणेको **हिस्टरि अफ् धर्मशास्त्र** [धर्मशास्त्रको इतिहास]को २ भाग (दोस्रो संस्करण)का ८२४–८२६ पृष्ठ ।

ई. सं. १९७४ (वि. सं. २०३०/२०३१) मा प्रकाशित **हिस्टरि अफ् धर्मशास्त्र**को ५ भाग (दोस्रो संस्करण)को २७४ पृष्ठ ।

वि. सं. २०२४ मा न्यू हाभेनबाट अमेरिकन ओरियन्टल सोसाइटीद्वारा प्रकाशित **जर्नल् अफ् दि अमेर्इकन् अर्इएन्टल् ससाइइटि** [अमेरिकाको प्राच्यविद्यासम्बन्धी संस्थाको पत्रिका]को ८७ भागका ४१३–४२९ पृष्ठमा छापिएको यान खोन्डाको **दि इन्द्र फेस्टिभल् अकर्ड् इङ टु द अथर्ववेदिन्ज्** [इन्द्रोत्सव–अथर्ववेदीहरू-अनुसार] भन्ने निबन्ध ।

वि. सं. २०२७ मा प्रकाशित **पूर्णिमा**को २४ अङ्कका ३००–३०२ पृष्ठमा छापिएको, नयराज पन्तको **इन्द्रयात्राको विषयमा ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना** भन्ने निबन्ध ।

वि. सं. २०४२ मा काठमाडौँबाट गुठीसंस्थानद्वारा प्रकाशित कुलचन्द्र कोइरालाको **इन्द्रजात्रा** ।

२. बङ्गालका पश्चिम भागमा इन्द्रध्वजका रूपमा सालको रूखको पूजा गरिने प्रथा भएको चर्चा पीयूषकान्ति महापात्रको **ट्री-सिम्बल् वर्शिप् इन् बेन्गल्** [बङ्गालमा वृक्षचिह्नको पूजा] मा भएको कुरा ई. सं. १९६५ [वि. सं. २०२२/२०२३] मा कलकत्ताबाट प्रकाशित शङ्कर सेन गुप्तको **ट्री–वर्शिप् इन् इन्डिआ** [भारतमा

सकिन्छ । यस कारण भरतखण्डमा अन्त लोप भइसकेका पुराना रीतिस्थितिको परम्परा चलाइराखनमा नेवारहरूको ठूलो अवदान छ भन्ने कुरा निर्विवाद छ ।

स्थिति यो हो तापनि नेपालखाल्डोमा मात्र मनाइने चाडबाड जात्रामात्राको ऐतिहासिक दृष्टिले परिशीलन भएकै छैन भनी भन्दा खास बढ्ता बोलेको ठहरिँदैन । नेपाली चाडपर्वसम्बन्धी केही पुस्तकपुस्तिका प्रकाशमा आएका छन् र पत्रपत्रिकामा पनि चाडपर्वसम्बन्धी लेख बराबर छापिने गरेका छन् तापनि तिनमा खास गरी चाडपर्वको एकसरो बयान मात्र पाइन्छन् । नेपालको इतिहास, कलाकौशल, रीतिस्थिति आदिको विषयमा लेखिएका मोटामोटा कितापमा चाडपर्वको इतिहासको विषयमा केही लेख्न खोजिएको छ तापनि जति गढेर साङ्गोपाङ्ग ढङ्गले ऐतिहासिक दृष्टिले चाडपर्वको परिशीलन गरिनुपर्ने हो, त्यति काम अझ भइसकेको छैन भनी भन्दा अवश्य पनि बढ्ता बोलेको ठहरिनेछैन । अखिल भरतखण्डका रीतिस्थिति, परम्परा र चालचलनभन्दा नेवारी रीतिस्थिति, परम्परा र चालचलन निकै फरक छन् भन्ने कुरा प्रचार गर्ने विद्वन्मन्यहरूको कामकार्वाइबाट पनि यस विषयको ऐतिहासिक दृष्टिले परिशीलन गर्नु आवश्यक छैन भन्ने भ्रम सर्वसाधारणमा पर्न गएको छ ।

नेवारहरूले चैत्रकृष्णचतुर्दशीको दिन पिशाचचतुर्दशी मान्ने, त्यसको भोलिपल्ट औँसीको दिन घोडेजात्रा गर्ने र पर्सिपल्ट परेवाको दिन अजिमाहरूको खटजात्रा गर्ने गरेकाले र पर्वतेहरूले चाहिँ त्यही परेवाको दिन वत्सरारम्भ मान्ने गरेकाले नेवारहरूले मान्ने गरेका पिशाचचतुर्दशी र त्यससँग गाँसिएका चाडबाड, संवत्सरप्रतिपदा जस्तै चान्द्रमानअनुसारको नयाँ वर्षकै चाड पो हो कि भन्ने कुरा मेरो मनमा लागी नै रहेको थियो ।

यसै बीचमा डिल्लीरमण रेग्मीको नेपालको मध्यकालको इतिहास प्रकाशमा आयो । त्यसको दोस्रो भागमा नेपालखाल्डामा मनाइने चाडपर्वको विषयमा ऐतिहासिक दृष्टिले विचार गर्ने जमर्को गरिएको छ । त्यहाँ पिशाचचतुर्दशीको विषयमा पनि लेखिएको छ[३] र पिशाचचतुर्दशी र त्यससँग गाँसिएर आएका चाडबाड नयाँ वर्षकै चाड हुन् भन्नेतिर रेग्मीको मन ढल्केको कुरा त्यताबाट स्पष्ट बुझिन्छ । कार्तिकशुक्लप्रतिपदाकै दिन नेवारहरूको साल फिरिसक्ने भएकोले पिशाचचतुर्दशी र त्यससँग गाँसिएर आएका चाडलाई नयाँ वर्षको चाड भनी भन्दा विप्रतिपत्ति उठ्ने पक्का भएकोले त्यस [पाचह्रेसम्बन्धी] चाडको पछिल्लो दिन चैत्रशुक्लप्रतिपदा पनि भएकोले नयाँ संवत्सर

---

वृक्षपूजा]को १३३ पृष्ठबाट थाहा पाइन्छ भनी यान खोन्डाले लेखेका छन् (जर्नल् अफ् दि अमेरिकन् अरिएन्टल् ससाइइटिको ८७ भागको ४१३ पृष्ठ, ४ टिप्पणी) । यताबाट पश्चिम बङ्गालमा इन्द्रजात्रा मान्ने कुरा थाहा हुन्छ तापनि सेन गुप्त थर भएका खुद बङ्गालीले पनि पुरानो किताबबाट यस जात्राको विषयमा उद्धरण गर्नुपरेको देखिएकोले त्यहाँ जात्रा त्यति प्रसिद्ध नभएको छर्लङ्ग हुन्छ । जङ्गबहादुरको पालामा अङ्ग्रेजी दूतावासमा डाक्टर भई आएका ओल्डफील्डले इट् इज् पिक्यूलिअर् टु निपाल्, नो फेस्टिभल् अफ् द सर्ट् अकर्‌इङ इन् द प्लेन्ज् अफ् इन्डिअ [त्यस किसिमको जात्रा भारतको मैदानी भागमा नमानिने हुनाले यो नेपालको वैशिष्ट्य हो] (ई. सं. १८८० [वि. सं. १९३६/१९३७] मा लन्डनबाट डबल्यु. एच. आलेन यान्ड कम्पनीद्वारा प्रकाशित हेन्रि एम्ब्रोस ओल्डफील्डको स्केचिज् फ्रम् निपाल् [नेपालको वर्णन]को २ भागको ३१२ पृष्ठ) लेखेकोबाट पनि इन्द्रजात्रा अन्यत्र मान्ने चलन त्यति नभएको स्पष्ट हुन्छ ।

३. वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् [मध्यकालको नेपाल]को २ भागका ६४१–६४५ पृष्ठ ।

फिर्दा वर्षारम्भको दिन यो हुनुपर्छ[४] भन्ने लेखी यसको टिप्पणीमा तर यस किसिमको संवत्सर त्यस समयको पञ्चाङ्गमा छैन[५] भनी रेग्मीले लेखेका छन् र नेवारी पञ्चाङ्गपद्धति अमान्तमानअनुसारको भएकोले त्यो दिन शकसंवत्को अमान्तमानअनुसारको पञ्चाङ्गअनुसार पनि नयाँ वर्षको शुरू हुने दिन पर्थ्यो[६] भन्ने लेखी विक्रमको सोह्रौँ शताब्दीमा कुनै वेला यसरी वर्षारम्भ मान्ने चलन चलेको हुनुपर्छ[७] भनी उनले विषय टुङ्ग्याएका छन् ।

पिशाचचतुर्दशी र त्यससँग गाँसिएर आएका चाडलाई डिल्लीरमण रेग्मीले यसरी नयाँ वर्षकै चाडसँग जोड्ने उद्योग गरेको देखेर पिशाचचतुर्दशी र तत्सम्बद्ध चाड नयाँ वर्षकै हुनुपर्छ भन्ने मेरो पुरानो धारणामा बल मिल्न गयो तापनि रेग्मीले विक्रमको सोह्रौँ शताब्दीतिर मात्र यो चाड मान्ने चलन चल्यो भनेर लेखेको कुरामा भने मैले चित्त बुझाउन सकिनँ ।

पिशाचचतुर्दशी र तत्सम्बन्धी चाडको उल्लेख प्राचीन ग्रन्थमा भएको देखाउन रेग्मीले महाकालतन्त्रबाट भनी दुइ श्लोक आफ्नो ग्रन्थमा उद्धरण गरेका छन् । रेग्मीले पद जोड्ने छुट्ट्याउनेसम्म नमिलाई छापेका ती दुइ श्लोक उनको ग्रन्थबाट जस्ताकोतस्तो यहाँ म उतार्छु–

फाल्गुण कृष्णभूताहे नाम्नाभूतचतुर्दशी ।
तद्दिने शिवपूजां च सुरामांसोपचारतः ।।
फाल्गुणस्य अमावास्यां महापूजां समाचरेत् ।
अश्वधावनकं कुर्यात् यात्रां करोतिमानवः ।।[८]

संस्कृतमा कहाँ पद जोडिन्छ र कहाँ पद छुट्टिन्छ भन्नेसम्म पनि ज्ञान नभएका डिल्लीरमण रेग्मीले खण्डसङ्ख्या, अध्यायसङ्ख्या र श्लोकसङ्ख्या नहाली छापेका यी दुइ श्लोक प्रकाशित पुस्तकबाट पक्कै पनि लिइएका होइनन् भन्ने मैले ठहऱ्याएँ र प्राचीन भाषा र लिपिबाट कोसौँ दूर रहेका उनले आफैँले पुराना लेखोट पुस्तकबाट सारे होलान् भनी मान्न पनि मेरो तर्कबुद्धिले मलाई दिएन र रेग्मीको चाकरीमा जाने, वीरपुस्तकालयका ठूला साना पण्डितजीहरूमध्ये कसैले कुनै लेखोट पुस्तकबाट सारी उनलाई यी श्लोक दिए होलान् भन्ने मैले

---

४. द लास्ट् डे अफ् द फेस्टिभल् इज् अल्सो द फर्स्ट् डे अफ् द ब्राइट् फर्ट्नाइट् अफ् लुनर् चैत्र, ह्विच् मस्ट् बी द न्यू यर्'ज् डे ह्वाइल् ए न्यू संवत्सर बिगिन्ज् ।

(मेड्ईभल् नेपाल्को २ भागको ६४५ पृष्ठ)

५. बट् दिस् काइन्ड् अफ् संवत्सर इज् मिस्इङ् इन् द क्याल्अन्डर् अफ् दि एज् ।

(उही, १८४ सङ्ख्याको टिप्पणी)

६. द डे कोइन्साइड्इङ् विथ् दि याड्भेन्ट् अफ् द न्यू यर् अल्सो अकर्ड्इङ टु शक अमान्त क्याल्अन्डर् ।

(उही)

७. द प्राक्टिस् अफ् सेल्इब्रेट्इङ द यर् मस्ट् ह्याभ् बिगन् समटाइम् इन् द १५थ् सेन्ट्युरइ ...

(उही)

८. उही ६४४–६४५ पृष्ठ, १८३ सङ्ख्याको टिप्पणी । रेग्मीले दोस्रो श्लोकको दोस्रो पाउको र चौथो पाउको अन्त्यमा दण्ड छुटाएका छन् ।

ठहऱ्याएँ। महाकालतन्त्रबाट मात्र भनी अरू कुनै सन्दर्भ नखुलाई ती श्लोक त्यहाँ दिइएकाले पनि इतिहासको चेतना भएका रेग्मीले आफैंले खोजी ती श्लोक झिकेका नभई इतिहासको चेतनाले शून्य त्यस्तै पण्डितजीहरूबाट उनले यी श्लोक भेट्टाएका हुन् भन्ने मैले निष्कर्ष निकालें।

एकातिर, पिशाचचतुर्दशी र त्यससँग गाँसिएका चाडबाडलाई नयाँ वर्षको चाडबाडसँग डिल्लीरमण रेग्मीले तर्कपूर्वक जोडेकाले, मैले भरखरै माथि भने जस्तै, ती चाडको विषयमा मेरो जुन धारणा थियो, त्यस धारणामा बल मिल्न गयो। तर अर्कोतिर, ती चाडको शास्त्रीय सन्दर्भ जुटाउन अरू कुनै सहारा नभेट्टाई रेग्मीले महाकालतन्त्र भनी दिएका श्लोक व्याकरण, छन्द र शैलीका दृष्टिले खज्ज भई नेपालखाल्डामै बनेको स्वयम्भूपुराणको कक्षाका भएकाले घोडेजात्रा, इन्द्रजात्रा जस्तो भरतखण्डमा अन्यत्र पनि चलेको जात्रा नभई स्थानीय जात्रा मात्र पो हो कि भन्ने पनि मेरो मनमा कताकता लाग्न गयो। छोटकरीमा भन्ने हो भने रेग्मीको पुस्तक पढेपछि म रनभुल्लमा परें र केही वर्ष यसै बिते।

नेवारहरूको संवत् सिद्धान्ततः कार्तिकशुक्लप्रतिपदामा शुरू हुने भए तापनि व्यवहारतः चैत्रशुक्लप्रतिपदामै शुरू हुन्थ्यो भन्ने कुरा पिताजी पं. नयराज पन्त यसैबीच बराबर व्याख्यान गर्न लाग्नुभयो र आफ्नै घरमा भएका, हातले लेखिएको पुरानो नेवारी पात्रो र पात्रो गन्ने पुराना लेखोट ठ्यासफू पल्टाई पल्टाई देखाउन लाग्नुभयो। पिताजीबाट यो थाहा पाएपछि पिशाचचतुर्दशी र तत्सम्बन्धी चाड पक्कै पनि नयाँ वर्षकै चाड हुनुपर्छ भन्नेतिर म बढी ढल्कें र रेग्मीले उद्धरण गरेका ती श्लोक खास महाकालतन्त्रबाट नलिई जजमानी काम चलाउन लेखिएका कुनै पुस्तकबाट सारिएको हुनुपर्छ भनी चित्त बुझाएँ।[६]

नेवारहरूको र पर्वतेहरूको पञ्चाङ्गपद्धतिको विषयमा तुलनात्मक ढङ्गले परिशीलन गर्न खोज्नेहरूलाई

---

६. वि. सं. २०३७–२०३९ तिर काठमाडौं शहरको विस्तार मल्लकालमा कहाँसम्म भएको थियो भनी पहिल्याउने धुन मलाई चलेको थियो र तत्सम्बन्धी खोजी काशीनाथ तमोट र म्यान्फ्रेड ग्रोइसँग मिली मैले गर्न थालेको थिएँ। मरेको वर्ष दिन नपुगेका आफ्ना नातेदारहरूको सम्झनामा काठमाडौं शहरका बासिन्दाहरू नेवारीमा उपाउ वनेगु र नेपालीमा देश घुम्ने भनी वामनद्वादशीको दिन अर्थात् भाद्रशुक्लद्वादशीको दिन जहाँ जहाँ जान्छन्, त्यहाँ त्यहाँसम्म काठमाडौं शहर मल्लकालमा फैलिएको थियो भन्ने बुझिने भएकोले यो देश घुम्ने चलन कति पुरानो हो भनी निर्धोलन म लागेको थिएँ र यसै प्रसङ्गमा वैद्य पं. दिव्यवज्र वज्राचार्यकहाँ पनि यस विषयमा छलफल गर्न म पुगेको थिएँ। उहाँले यस विषयमा आफूलाई राम्रो थाहा नभएको कुरा मलाई बताउनुभयो र नेपाल वर्षक्रिया नाउँको पुस्तिकामा यस प्रथाको विषयमा भविष्यपुराणको वचन उद्धरण गरिएको देखाउनुभयो (वि. सं २०१३ मा पाटनबाट आशाकाजी वज्राचार्यद्वारा प्रकाशित, ज्ञानरत्न वज्राचार्यद्वारा सम्पादित तथा उनै आशाकाजी वज्राचार्यद्वारा अनूदित नेपाल वर्षक्रिया [नखःचखः पर्वकाल]को ४३ पृष्ठ)। त्यो पुस्तिका प्रकाशित भएको पच्चीस वर्षभन्दा बढी भइसकेको भए तापनि मैले नदेखेको हुनाले मैले उहाँसँग त्यसको फोटोकपी गर्ने अनुमति माग्दा भँहाल्यो, यो पुस्तिका बाबुलाई नै भयो भनी मलाई दिनुभएकोले मसँग अझसम्म पनि छँदैछ।

घोडेजात्राको विषयमा लेख्दा नेपाल वर्षक्रियामा पनि महाकालतन्त्रबाट भनी रेग्मीको पुस्तकमा जस्तै दुइ श्लोक उद्धरण गरिएका छन्। नेपाल वर्षक्रियामा उद्धरण गरिएका श्लोकमध्ये पहिलो श्लोकको पाठान्तर नै रेग्मीले उद्धरण गरेको दोस्रो श्लोक हो भन्ने स्पष्ट देखिन्छ तापनि नेपाल वर्षक्रियामा भएको दोस्रो श्लोक र रेग्मीको पुस्तकमा भएको पहिलो श्लोकमा भने निकै नै फरक छ—

सामग्री जुटोस् भन्ने अभिप्रायले पूर्णिमाको एउटा अङ्कमा एउटा नेवारी पात्रो र एउटा पर्वते पात्रो जस्ताकोतस्तो उतारेर छाप्ने निर्णय यसै बीचमा भयो र आफ्नै घरमा भएका ने. सं. ७९७–७९८ [वि. सं. १७३४]को नेवारी पात्रो[10] र वि. सं. १७३८ को गोरखाली पात्रो[11] वि. सं. २०३६ मा प्रकाशमा आए।

---

महाकाल तन्त्रे शिव वचन–
फाल्गुनस्य अमावास्यां पीठपूजां समाचरेत् ।
अश्वानां धावनं कुर्युः यात्रां कुर्वन्तु मानवाः ।।
प्रक्षेपनं यथा वेगं अश्वप्रचरणास्तथा ।
शत्रुनाशं महासौख्यं व्याधिदुःख निवारणन् ।।

(उही २४ पृष्ठ)

घोडेजात्राको विषयमा लेख्नुभन्दा ठीकअगाडि नेपाल वर्षक्रियामा पिशाचचतुर्दशीको विषयमा लेखिएको छ। त्यहाँ पनि महाकालतन्त्रबाट भनी दुइ श्लोक उद्धरण गरिएका छन्—

फाल्गुन कृष्णपक्षे च पिशाचाख्यचतुर्दशी ।
तद्दिने शिव पूजां च सुरामांसोपचारकैः ।।
कज्जलं नेत्रयो दद्याद् वार्यते लोहमुद्रिका ।
पीठसेवामपि कुर्यात् भूतादि भय नश्यति ।।

(उही २३ पृष्ठ)

श्रीकण्ठानन्द उपाध्यायद्वारा सङ्गृहीत नेपालवर्षक्रिया पाटनबाट आशाकाजि [गणेशराज] वज्राचार्यद्वारा नेपालवर्ष क्रिया नखःचखः पुस्तकम् भन्ने नाउँले वि. सं. २०४४ मा प्रकाशित भएको छ। त्यस पुस्तकमा महाकाल तंत्रे शिववचन भनी पिशाचचतुर्दशी र घोडेजात्रासम्बन्धी तलका श्लोक उद्धरण गरिएका छन्—

फालगुण कृष्ण भूताहे नाम्नाभूत चतुर्दशी ।
तद्दिने शिवपूजांच सुरा मांसोपचारकः ।।४१।।
कज्जलं नेत्रयोर्दद्या द्वार्य्यते लोह मुद्रिका ।
पीठसेवा मपिकुर्यी भूतादि भय नाशनम् ।।४२।।
फालगुणस्य अमावास्यां महापूजां समाचरेत् ।
अश्व धावनकं कुर्या द्यात्रां करोति मानवः ।।४३।।
शत्रुनाशं महापुण्य मश्वप्रचरणेनतु ।
प्रक्षेपनंच सिन्धूरं व्याधिदुःखं निवारयेत् ।।४४।।

(३५, ३७ पृष्ठ)

१०. वि. सं. २०३६ मा प्रकाशित पूर्णिमाको ४४ अङ्कका १–२६ पृष्ठमा छापिएको रामजी तेवारीको नेपाल-खाल्डोको वि. सं. १७३४ को पात्रो भन्ने निबन्ध।

११. पूर्णिमाको ४४ अङ्कका २७–५२ पृष्ठमा छापिएको भोलानाथ पौडेलको गोरखाको वि. सं. १७३८ को पात्रो भन्ने निबन्ध।

अखिल भरतखण्डको मात्र होइन, भारतीय लोकयात्रा प्राचीनकालमा जहाँ जहाँसम्म फैलिएको थियो, त्यहाँ त्यहाँका ऐतिहासिक साधनको राम्रो परिशीलन नगरी नेपालका अभिलेखको विषयमा लेखन बस्दा लेखाइ एकाङ्गी हुने डर भएकोले भेट्टाएसम्मका, आफूले बुझनेसम्मका भाषामा लेखिएका, बृहत्तर भारतवर्षका प्राचीन ग्रन्थ र अभिलेख र तिनको विषयमा लेखिएका आधुनिक पुस्तक र लेख म पढ्न लागें र गच्छेले भ्याएसम्म त्यस्ता लेखादिको सङ्ग्रह पनि गर्दै गएं। भारतीय अभिलेखको मूल खानि इप्इग्राफ्इया इन्डिका [भारतीय अभिलेख-सङ्ग्रह]का जम्मै भाग पढ्ने धुन यसै प्रसङ्गमा मलाई सवार भयो र पढ्दै जांदा तलको (हर्ष)संवत् २७६ [वि. सं. ९३८–९३९]को[१२] शिलालेखमा म आकृष्ट भएँ—

ओ परमभट्टारकमहाराजाधिराजपरमेश्वरश्रीरामभद्रदेवपादानुध्यातपरमभट्टारकमहाराजाधि-राजपरमेश्वरश्रीभोजदेवपादानामभिप्रवर्द्धमानकल्याणविजयराज्ये सम्बत्सरशतद्वये षट्सप्त-त्यधिके वैशाखमासशुक्लपक्षसप्तम्यां सम्बत् २७६ वैशाखशुदि ७ अस्यां सम्बत्सरमास-दिवसपूर्व्वायां तिथाविह श्रीपृथूदकाधिष्ठाने पिशाचीचतुर्द्दश्यां घोटकयात्त्रायां समायात चूटवार्षिकेत्य भट्टवीरुकसुत वन्द तथा राज्यबल तथा बल्लुक [र]णुकसुतराज्यसीह उत्पलि-केत्य भल्लुकसुतमाङ्गक चिण्हमत[१३]चोणराक तथा चिक्करिसे लवणपुरीय दडसुतकल्लुक एतत्सुतजयराक त्रिष्णुसुतआदित्यराक रज्जुकसुत चिण्ह तथा रङ्गक कल्लुकसुतवामुक बल-देवपुरीय खम्भटसुतहोद्ध मृगाङ्कसुतविड्डक केशवसुतधणुक खङ्गकसुत[व]ामुक मणिक्क-सुतउएहरि शारङ्कदिकेत्य नारसुत लोहट तथा शङ्कर बल्लुकसुतईश्वरादित्य सीहरुदुक्ककेत्य उल्लकसुतवच्छक जयधराकसुतरणिक सूर[सुत]प्रगद त्रैघाटकीय धारटसुतचन्द [ए]क-[ग]ोरकसुतसव्व देवशर्म्मसुतफम्फ वग्गुकसुतकम्मिक घंघकेत्यलल्लिकसुतस्वामिराक सिं[घु]कसुत सी – दामोदरसुतपोम्भ हल्लुकसुतदव्वु – – – कशिलि[म]ाणसुतखज्जि अ[श्व]लउहोवकेत्य उसूहसुतबद्ध एवमेतत्प्रमुखनानादेशागतभटा – कव्युवहरक[दे]शी श्रीपृथूदकीय[स्थानस्य] पत्त्रं प्रयच्छति यथास्माभिः [श्री]कन्यकुब्जे श्रीगुहादित्यकारित-देवाय तथा तत्त्रैव गोतीर्थे कदम्बादित्यका[रित]देवाय च तथा श्रीकन्यकुब्जा[सन्न]-श्रीभोजपुरे गंगातीरे नागर[भ]ट्टप्रभाकरसुतभूवककारित[ग]रुडासनदेवाय तथा श्रीपृथुदके प्राचीसरस्वतीसन्निधौ भूवकेनैव [का]रितयज्ञवराहाय च पृथूदके घोटक[घोटिकावे]ग[स]-रूपादिविक्रय[स्य] राजकीयोपक्रये ठक्कुरजनपदा[द्यु]पक्रये च तथा त्रैघाटकादिस्थानेषु केवलं राजकीय एवोपक्रये रूपं प्र[तिधर्म्महेतो]र्यद्धर्म्मद्वयमस्माभिरक्षयनीव्यां प्रदत्तं

---

१२. विक्रमसंवत्मा ६६३ वर्ष जोड्दा हर्षसंवत् हुन्छ भनी सामान्यतया मानिए तापनि हर्षसंवत् भनी मानिएको, संवत् १५५ माघशुक्लदशमी कुम्भसङ्क्रान्तिको गणना गर्दा विक्रमसंवत् र हर्षसंवत्को अन्तर ६६२ आएकोले (वि. सं. २०३६ मा प्रकाशित **पूर्णिमा**को ५४ अङ्कका १२–१९ पृष्ठमा छापिएको, नयराज पन्त र देवीप्रसाद भण्डारीको **हर्षसंवत्को विषयमा भन्ने** निबन्ध) मैले माथि ९३८ पनि लेखेको हुँ।

१३. °सुत ।

तच्चतुर्व्विन्शतिभिर्भागैः परिकल्प्य भागास्सप्त श्रीगुहादित्यकारितदेवाय त[था भा]गास्सप्त [कदम्बा]दित्यकारितदेवाय तथा भागाः सप्त भूबककारितगरुडासनाय तथा[भा]गैकः पृथूदके भूबक[कारि]तयज्ञवराहाय तथा भागैकस्तत्पूजकाय [तथा[14] भा]गैकः पृथूदकस्थानात् तथा घोटकसंग्राहकैर्घोटकं प्रति प्रदत्तधर्म्मैकस्य कल्पितभागानां द्वादशानां मध्यात्पृथूदके प्राचीसरस्वती[सन्निधौ] भूबककारितयज्ञवराय[15] [भा]गाः [षट् त]था तत्पूज[क]ाय च भागद्वयं तथा श्रीपृथुदकीयस्थानस्य भागाश्चत्वारोस्माभिः प्रतिपादितास्तद-[नुमान्यं घोटक]विक्रेतृभि[:] क्रेतृभिश्चा[चन्द्रा]र्क[का]लं याव[त्] यथोद्दिष्टस्थित्या गोष्ठिकैः सद्भिः स्वतः परतश्च निर्व्वाहः कर्त्तव्यः ।। एते च भागा यथोद्दिष्ट [स्थित्या गोष्ठिकैः कल्प]यितव्याः[16] ।।

---

१४. कोष्ठभित्र तथाको अगाडि य पनि पढिएको छ।  १५. °वराहाय ।

१६. वि. सं. १९४८ मा कलकत्ताबाट प्रकाशित, एप्ड्ग्राफ्इया इन्डिका [भारतीय अभिलेखसङ्ग्रह]को १ भागका १८४–१९० पृष्ठमा छापिएको गेओर्ग बूलरको द पेहेवा इन्स्क्रिप्शन् फ्रम् द टेम्प्ल् अफ् गरीब्नाथ् [पेहेवाको गरीबनाथको मन्दिरको अभिलेख] भन्ने निबन्ध ।

मैले माथि दिएको पाठ हुबहू भने झैं बूलरले छपाएको पाठ हो। मूल शिलालेखमा ब र वको खयाल नराखी वबाट नै बको पनि काम लिइएकोले (एप्ड्ग्राफ्इया इन्डिकाको १ भागको १८४ पृष्ठ) बूलरले सर्वत्र नै व पढेकोमा मैले अहिले उतार्दा ब हुनुपर्ने ठाउँमा ब र व हुनुपर्ने ठाउँमा व पढी छपाएको छु । यस प्रसङ्गमा भन्नुपर्ने अरू कुरा के छन् भने फलानाको छोरो °सुत लेखेको लगत्तै छोरोचाहिँको नाउँ आउँदा बूलरले °सुतसँग छोरोको नाउँ नजोडेकोमा मैले जोड्ने गरेको छु र बूलरले मूल शिलालेखअनुसार पङ्क्ति छुट्ट्याएकोमा मैले यहाँ पङ्क्ति नछुट्ट्याईकनै लहरै लेखेर लगेको छु ।

हाल हरियाणा राज्यमा पर्ने कर्नाल जिल्लाको, सरस्वती नदीको किनारामा रहेको, पेहोवा भन्ने शहरमा गोरखनाथी पन्थको गरीबनाथको मन्दिरमा रहेको एउटा ढुङ्गामा कपिएको यो शिलालेख पत्ता लाउने काम बोरिङ थर भएका कुनै अङ्ग्रेज अधिकारीले वि. सं. १९१० तिर गरेका थिए । उनकै प्रेरणाले पेहोवाका थानेदारले यस शिलालेखको छापा लिएका थिए र त्यो छापा बोरिङले कलकत्तामा एशियाटिक सोसाइटी अफ बङ्गालको अड्डामा पठाइदिएका थिए । त्यही छापाबाट यस अभिलेखको आधा जति भाग पढी वि. सं. १९११ मा कलकत्ताबाट एशियाटिक सोसाइटी अफ बङ्गालद्वारा प्रकाशित जरनल् अफ् दि एश्याट्इक् ससाइइटि अफ् बेन्गल् [बङ्गालको एशियासम्बन्धी संस्थाको पत्रिका]को २२ भागका ६७३–६७९ पृष्ठमा छापिएको राजेन्द्रलाल मित्त्रको नोट् अन् यान् एन्शन्ट् इन्स्क्रिप्शन् फ्रम् थानेश्वर् [थानेश्वरको एउटा प्राचीन अभिलेखको विषयमा टिप्पणी] भन्ने निबन्धमा (६७६–६७७ पृष्ठमा) सबभन्दा पहिले यो अभिलेख छापिएको हो । छापा त्यति स्पष्ट नभएकोले (इप्ड्ग्राफ्इया इन्डिकाको १ भागको १८४ पृष्ठको १ टिप्पणी हेर्नू) होला, मित्त्रले पढेको पाठमा धेरै ठाउँमा अशुद्धि छन् र हामीलाई अहिले खायस परेका दुइटा अशुद्धिको चर्चा गरिहाल्नुपरेको छ । ती के हुन् भने घोटकयात्त्रायांको ठीक अगाडि रहेका श्रीपृथूदकाधिष्ठाने पिशाचीचतुर्दश्यांको ठाउँमा श्रीपृथूदकाधिपा येपि स्वाधीनवत्तस्यां र संवत् २७६ पढ्नुपर्नेमा २७९

राजेन्द्रलाल मित्रले छपाएको, यस अभिलेखको प्रतिलिपि ज्यादै नै नराम्रो छापाबाट तयार गरिएको जस्तो देखिन्छ (इण्डिआफ्इया इन्डिकाको १ भागको १८४ पृष्ठ) भनी बूलरले लेखेकाले र सी. जे. रोजर्सले यस अभिलेखको छापा लिई इण्डिआफ्इया इन्डिकाका सम्पादक जेम्स बर्जेसकहाँ पठाएको ज्यादै राम्रो छापाबाट यो अभिलेख मैले पढेको हुँ (उही १८४ पृष्ठ) भनी बूलरले लेखेकाले उनले भेट्टाएको छापा निकै राम्रो देखिन्छ तापनि उनले त्यस छापाको प्रतिलिपि नछपाइदिएकाले त्यस अभिलेखको रूप कस्तो थियो भनी हेर्न राजेन्द्रलाल मित्रले छपाएको छापाको प्रतिलिपि छोडेर अर्को साधन हाम्रो लेखा छैन।

नब्बे सङ्ख्याको गोरक्षग्रन्थमालापुष्प रूपमा प्रकाश भएको, नरहरिनाथको भूमिका भएको, कहिले प्रकाशित भएको हो भन्ने कुरा नखुलाइएको भए तापनि दुइ ठाउँमा (१०६, ११२ पृष्ठ) वि. सं. २०१५ शिवरात्रिको चर्चा आएकोले त्यसभन्दा पछि छापिएको भनी भन्न सकिने **योगिवंशावली**को १ भाग वि. सं. २०४९।६।१३ मा श्रीशमशेरबहादुर थापाले पिताजी पं. नयराज पन्तलाई दिनुभएको रहेछ र त्यो पुस्तक पल्टाउँदै जाँदा १०३–१०६ पृष्ठमा यो शिलालेख मूलबाटै पढी छापिएको देखियो। त्यहाँ छापिएको पाठ बूलरको पाठसँग ठाउँठाउँमा फरक छ तापनि मूल शिलालेखको छापा वा फोटो देख्न नपाएकोले त्यसको आधारमा बूलरको पाठको संशोधन गर्ने आँट गरिनँ। त्यस शिलालेखको विषयमा लेख्दा त्यहाँ एक ठाउँमा (१०६ पृष्ठमा)

**राजा भोजके समय पृथूदकाधिष्ठान= पिहोवामें प्रतिवर्ष पिशाची चतुर्दशी के दिन गन्धर्व-यात्रा= अश्वयात्रा घोटकयात्रा होती थी...**

भनी लेखिएको यहाँ उल्लेखनीय छ।

भारत स्वतन्त्र भएपछि भारतमा अङ्ग्रेजको पालामा भन्दा निकै नै बढी विश्वविद्यालय खुले र यत्रतत्र अन्वेषणको लहर चल्यो र भाषाको आधारमा भारतमा भिन्नाभिन्नै राज्य खडा हुने काम बढ्दै गएपछि त अन्वेषण-को गति झन् तीव्र भयो तापनि सरदरमा हेर्दा अन्वेषण पैसा खाने बाटो मात्र बनेको छ, अङ्ग्रेजको पालामा भन्दा स्वतन्त्र भारतमा भारतीय विद्वान्हरू विद्याको क्षेत्रमा अघि बढेका छैनन्, बरु पछि सरेका छन् भनी भन्दा बढ्ता बोलेको ठहरिँदैन। यसको एउटा राम्रो उदाहरणको रूपमा कुरुक्षेत्रविश्वविद्यालयको प्राचीन भारतीय इतिहास, संस्कृति र पुरातत्त्वका प्राध्यापक सिलकराम फोगटले लेखेको, हरियाणाको इतिहासको आकरग्रन्थमालामा वि. सं. २०३४ मा कुरुक्षेत्रबाट विशाल पब्लिकेशन्जद्वारा प्रकाशित **इन्स्क्रिप्शन्ज् अफ् हरयाणा** [हरियाणाका अभिलेख]लाई अघि सार्न सकिन्छ। अन्त नजाऊँ, सम्बद्ध अभिलेखलाई नै लिऊँ, त्यस पुस्तकमा बूलरको विशद लेखका जम्मै भाग हटाई, पढेको पाठ र उनले गरेको उल्थामा पनि उनले हालेका टिप्पणी जति हटाई उनको पाठ र उल्था मात्र सार्ने काम (२६–२८ पृष्ठ) बाहेक फोगटले अरू केही नगरेकाले हामी जस्ताको लेखा फोगटको किताब साँच्चिकै फोगटको बन्न गएको छ।

भनी मित्रले पढेकाले अर्थको अनर्थ हुन गएको छ। त्यहीँ ६७८–६७९ पृष्ठमा मित्रले आफूले पढेको पाठ-अनुसारको अङ्ग्रेजीमा उल्था दिएका छन्। मित्रले जुन छापाबाट पाठ पढेका थिए, त्यसको प्रतिलिपि वि. सं. १९२१ मा प्रकाशित **जर्नल् अफ् दि एश्याट्इक् ससाइइटि अफ् बेन्गल्**को ३२ भागका ९१–११० पृष्ठमा छापिएको, उनैको **भोज राजा अफ् धार् यान्ड् हिज् हम्अनिम्ज्** [धारका भोज राजा र उनका अनेकार्थ नाउँ] भन्ने निबन्धमा ९६–९७ पृष्ठको बीचमा छापिएको छ।

पिशाचचतुर्दशी र घोडेजात्रा खास गरी मानिने काठमाडौँ शहरभन्दा दुइ सय पचासी कोस पश्चिमोत्तरमा नेवारहरूले बोल्नेभन्दा भिन्नै भाषा बोल्ने, नेवारहरूले लेख्ने गरेकोभन्दा भिन्नै लिपिमा लेख्ने, नेवारहरूको संवत्‌भन्दा भिन्नै संवत् मान्ने, नेवारहरूका राजाभन्दा भिन्नै राजा मान्ने मान्छेहरूले राखेको; नेपालसंवत् शुरू भएको दुइ वर्ष जति पछिको यस शिलापत्रमा

**ओ परमभट्टारकमहाराजाधिराजपरमेश्वरश्रीरामभद्रदेवपादानुध्यातपरमभट्टारकमहाराजाधिराजपरमेश्वरश्रीभोजदेवपादानामभिप्रवर्द्धमानकल्याणविजयराज्ये सम्वत्सरशतद्वये षट्सप्तत्यधिके वैशाखमासशुक्लपक्षसप्तम्यां सम्वत् २७६ वैशाखशुदि ७ अस्यां सम्वत्सरमासदिवसपूर्व्वायां तिथाविह श्रीपृथूदकाधिष्ठाने पिशाचीचतुर्द्दश्यां घोटकयात्रायां समायात...**

[ॐ परमभट्टारक महाराजाधिराज परमेश्वर श्रीरामभद्रदेवको पाउको अनुग्रह पाएका, परमभट्टारक महाराजाधिराज परमेश्वर श्रीभोजदेवको बढ्दै गइरहेको, कल्याण गर्ने विजयराज्यमा; छयहत्तर बढी भएको दुइ सय संवत्‌मा, वैशाख महीनाको शुक्लपक्षको सप्तमीमा, संवत् २७६ वैशाखशुदि ७, यो संवत् महीना र दिनले युक्त भएको तिथिमा; यहाँ श्रीपृथूदक अधिष्ठान [शहर]मा पिशाचीचतुर्दशीमा घोटकयात्रा [घोडेजात्रा]मा भेला भएका]

भनी धेरैले नेवारहरूको खास चाड भनी ठानेर आएका पिशाचचतुर्दशी र घोडेजात्रा दुवैको चर्चा आएकोले यी चाड स्थानीय चाड अवश्यै होइन रहेछन्, अहिले अन्यत्र हराइसकेका भए पनि कुनै बेला अखिल भरतखण्डमै चलेका इन्द्रजात्रा जस्तै व्यापक चाड रहेछन् भन्ने निर्णयमा म पुगेँ। तर यस अभिलेखमा परेको पिशाचीचतुर्दशीको चर्चा आफूले भेट्टाएसम्मका व्रतसम्बन्धी ग्रन्थमा नभएको कुरा लेखी यस पदको व्याख्या धर्मशास्त्रसम्बन्धी विभिन्न ग्रन्थका सम्पादक र अनुवादकसमेत भएका गेओर्ग बूलरले गर्न नसकेको देखेर[17] धर्मशास्त्रका चलतीका किताबमा पिशाच/पिशाचीचतुर्दशीको चर्चा नपाइने कुरामा मलाई शङ्का भएन।

गेओर्ग बूलरको यो लेख छापिएको ३८ वर्षपछि पहिलो भाग छापिई पहिलो भाग छापिएको ३२ वर्षपछि

---

१७. पिशाचीचतुर्दशी, लिट्‌अरल्‌लि द 'फोर्टीन्थ् (लूनर् डे) अफ् द फीमेल् गब्‌लिन्', प्रब्‌अब्‌लि वज् द नेम् अफ् द फोर्टीन्थ् लूनर् डे अफ् द डार्क् हाफ् अफ् वैशाख अर् अफ् चैत्र। फर् इट् मस्ट् ह्याभ् फल्‌अन् सम्‌ह्वट् अर्‌लिअर् द्यान् द ब्राइट् हाफ् अफ् वैशाख यान्ड् मे ह्याभ् बिलङ्ड् टु द्याट् मन्थ् अर् टु चैत्र अकर्ड्‌इङ्लि याज् द रेक्‌अनिङ वज् अमान्त अर् पूर्णिमान्त। आइ ह्याभ् नट् फाउन्ड् द टर्म् इन् द डिक्‌शन्‌अरिज् नर् इन् द वर्क्‌ज् अन् व्रत याट् माइ डिस्‌पोज्‌अल्।

(एप्इग्राफ्इया इन्‌डिकाको पहिलो भागका १८८ पृष्ठ, २५ सङ्ख्याको टिप्पणी)

[पिशाचीचतुर्दशी शब्दशः अर्थ गर्दा पिशाचनीको चतुर्दशी वैशाखकृष्ण वा चैत्रकृष्णको चतुर्दशीको नाम होला। किनभने यो, वैशाखशुक्लभन्दा केहीअगाडि परेको हुनुपर्छ र गणना अमान्त वा पूर्णिमान्त भएकोले त्यो महीना वा चैत्रको हुन सक्छ। यो शब्द मैले कोषहरूमा पाएको छैन, न त मेरो हातमा परेका जति व्रतसम्बन्धी ग्रन्थमै पाएको छु।]

पाँचौँ भाग छापिएको[१८], ठूलाठूला ६००० पृष्ठ ओगटेको, पाण्डुरङ्ग वामन काणेको **धर्मशास्त्रको इतिहासबाट** यस विषयमा केही प्रकाश पर्छ कि भनी सो पुस्तक पल्टाउन म पुगेँ र नभन्दै एक ठाउँमा पिशाचचतुर्दशीको बारेमा तलको कुरा लेखेको देखेँ—

**पिशाचचतुर्दशी**—चैत्रकृष्णचतुर्दशीको दिन; राति शङ्करको पूजा र उत्सव; त्यस दिन निकुम्भले शङ्करको पूजा गर्छ, त्यसैले निकुम्भको सम्मान गरिनुपर्छ र गोठ, खोला, बाटा र टाकुरा आदिमा पिशाचहरूलाई बलि दिनुपर्छ। नीलमत ५५ ५६ का ६७४–६८१ श्लोक[१९]।

नीलमतमा पिशाचचतुर्दशीको उत्सवको विषयमा लेखिएको कुरा यसरी पाण्डुरङ्ग वामन काणेको **धर्मशास्त्रको इतिहासबाट** थाहा पाएकोले म **नीलमत** खोज्न थालेँ। कीलविश्वविद्यालयको भारतविद्याविभागको पुस्तकसङ्ग्रहमा **नीलमत** सौभाग्यवश रहेछ। तर **नीलमत**मा जहाँ **पिशाचचतुर्दशी**को विषयमा लेखिएको छ भनी काणेले निर्देश गरेका छन्, त्यहाँ मैले **पिशाचचतुर्दशी**को चर्चा भेट्टाइनँ। **नीलमत**को त्यो पुस्तक हेर्दै जाँदा वि. सं. २०२४, २०२६ मा प्रकाशित त्यस संस्करण[२०]भन्दा अगाडि पनि यसका दुइ संस्करण[२१] प्रकाशित भइसकेका रहेछन् र तिनमध्ये कुनै संस्करणबाट काणेले स्थलनिर्देश गरेका होलान् भन्ने ठानेँ। हुन पनि **नीलमत**को जुन संस्करण मैले भेट्टाएँ, त्यसको उपोद्घातअनुसार **नीलमत**का लेखोट पुस्तकहरूमध्ये केहीमा धेरै श्लोक र केहीमा थोरै श्लोक भएकाले[२२] उनले उपयोग गरेको संस्करण भिन्नै थियो भन्ने मलाई स्पष्ट भयो[२३] र माथिदेखि म **नीलमत** पढ्दै गएँ र एक ठाउँमा यस्तो लेखेको भेट्टाएँ—

---

१८. पाण्डुरङ्ग वामन काणेको **हिस्टरि अफ् धर्मशास्त्रको** पहिलो भाग ई. सं. १९३० [वि. सं. १९८६/१९८७]मा र पाँचौँ भागचाहिँ वि. सं. २०१९ मा छापिएको हो।

१९. **पिशाच–चतुर्दशी–अन् चै. कृ. १४थ्**; वर्शिप् अफ् शङ्कर यान्ड् **उत्सव** याट् नाइट्; निकुम्भ वर्शिप्ज् शङ्कर अन् द्याट् डे, दर्फोर् निकुम्भ शुड् बी अनर्ड् यान्ड् बलि (अफर्इङ) शुड् बी मेड् टु पिशाचज् इन् काउपेन्ज्, रिभर्ज्, रोड्ज्, पीक्स्, एट्सेट्र; एन्एम् ५५–५६, भर्सेज् ६७४–६८१।
(ई. सं. १९७४ [वि. सं. २०३०/२०३१]मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको **हिस्टरि अफ् धर्मशास्त्र** [धर्मशास्त्रको इतिहास]को ५ भागको १ खण्डको दोस्रो संस्करणको ३४२ पृष्ठ)

२०. वि. सं. २०२४ मा जम्मूको श्रीनगरबाट जम्मू यान्ड काश्मीर एकेडेमी अफ आर्ट, कल्चर यान्ड ल्याङ्ग्विजिजद्वारा प्रकाशित, वेदकुमारीद्वारा सम्पादित **द नीलमत पुराण** [नीलमत पुराण]को १ भाग।
वि. सं. २०२६ मा प्रकाशित **द नीलमत पुराण**को २ भाग।

२१. ई. सं. १९२४ [वि. सं. १९८०/१९८१]मा लाहोरबाट प्रकाशित रामलाल काँजीलाल र जगद्धर जड्डूद्वारा सम्पादित **नीलमतपुराणम्**।
वि. सं. १९९३ मा लाइडनबाट ई. जे. ब्रिलद्वारा प्रकाशित के. दे. व्रीसद्वारा सम्पादित **नीलमत अर् टीच्इङ्ज् अफ् नील** [नीलमत वा नीलको शिक्षा]।

२२. **द नीलमत पुराण**को २ भागको इन्ट्रडक्शन् [उपोद्घात], ७ पृष्ठ।

२३. काणेले **नीलमत**का ६७४–६८१ श्लोकको निर्देश गरेकाले र व्रीसको संस्करणमा ५४८ श्लोकदेखि मात्र यस विषयको कुरा परेकोले काणेले व्रीसको संस्करणको उपयोग गरेको देखिँदैन।

फाल्गुण्यां समतीतायां या द्विजंकादशी भवेत् ।
तस्यां स्त्रीभिर्भवेत् पूज्यश्छन्दोदेव इति स्मृतः ॥५६९॥
मनुष्यैस्तु न कर्तव्या तस्य पूजा कदाचन ।
ब्रह्मणो वरदानेन स्त्रीभिः पूजामवाप्तवान् ॥५७०॥
जलोद्भवानां मांसेन भक्ष्यैरुच्चावचैस्तथा ।
माल्यैर्धूपैश्च विविधैः कुङ्कुमेन सुगन्धिना ॥५७१॥
एवं सम्पूजनं कृत्वा द्वादश्यां पूजयेद् बुधः ॥५७२॥
द्वारेणादौ विनिष्क्राम्य गवाक्षेण प्रवेशयेत् ।
स्ववेश्मतो यथाकामं स्थापयेत तदा द्विज ॥५७३॥
ततश्चतुर्दशीं प्राप्य तामेव द्विजपुङ्गव ।
सम्पूज्य शङ्करं कार्यं रात्रौ तु महदुत्सवम् ॥५७४॥
तस्यां विप्र चतुर्दश्यां निकुम्भः शङ्करं तदा ।
सम्पूजयति धर्मात्मा सानुयात्रो महाबलः ॥५७५॥
तस्यां तदा प्रकर्तव्यं निशि नित्यं प्रजागरम् ।
पूजा च देवदेवस्य शम्भोः कार्या प्रयत्नतः ॥५७६॥
पूजनीयो निकुम्भस्तु पिशाचाधिपतिर्बली ।
पिशाचानां च दातव्या बलयश्च सुसंस्कृताः ॥५७७॥
पललोलोपिकामिश्रा मत्स्यमांसामिषैर्युताः ।
वृक्षमूलेषु गोष्ठेषु गृहेषु विविधेष्वपि ॥५७८॥
चतुष्पथेषु रथ्यासु चत्वरेषु नदीषु च ।
शून्यालयेषु मुख्येषु गिरीणां शिखरेषु च ॥५७९॥
अट्टालकश्मशानेषु राजमार्गेषु काश्यप ।
तां रात्रिं रक्षणं कार्यं बालकानां गृहे गृहे ॥५८०॥
पुंश्चलीसहितैर्नेया क्रीडामार्गैर्निशा च सा ।
ब्रह्मचर्येण गीतेन नृत्तैर्वाद्यैर्मनोहरैः ॥५८१॥
ततः पञ्चदशीं प्राप्य चान्त्यां संवत्सरस्य तु ।
श्राद्धं कृत्वा प्रदातव्यं शुनामन्नं यथेच्छकम् ॥५८२॥[२४]

---

२४. द नीलमत पुराणको २ भागका १४५–१४८ पृष्ठ ।

यी श्लोक केही पाठान्तरसहित नीलमत अर् टीचिङ्ज् अफ् नीलका ४९–५० पृष्ठमा ५४८-५६० श्लोकका रूपमा छापिएका छन् ।

[हे ब्राह्मण ! फाल्गुनको पूर्णिमा बितिसकेपछि जुन एकादशी हुन्छ, छन्दोदेव भनी कहिएका (देवता) स्वास्नीमान्छेहरूले त्यस (तिथि)मा पुजिने हुन्छन् ।।५६९।।

लोग्नेमान्छेहरूले चाहिँ कहिल्यै तिनको पूजा गर्नु हुँदैन । ब्रह्माको वरदानले (उनले) स्वास्नीमान्छेहरूबाट पूजा पाएका हुन् ।।५७०।।

जलचरहरूका मासुले, थरीथरीका खानेकुराले र किसिमकिसिमका मालाहरूले र धूपहरूले, बासना आउने कुङ्कुमले यसरी राम्ररी पूजा गरेर बुद्धिमान्‌ले द्वादशीमा पूजा गर्नू ।।५७१-५७२।।

हे ब्राह्मण ! (तिनलाई) पहिले ढोकाबाट निकालेर झ्यालबाट पसाउनू । (अनि) आफ्नो घरमा जहाँ मन लाग्छ, त्यहाँ राख्नू ।।५७३।।

हे ब्राह्मणहरूमा श्रेष्ठ ! त्यही चतुर्दशी आइपुग्दा शङ्करको राम्ररी पूजा गरेर रातमा ठूलो उत्सव गर्नुपर्छ ।।५७४।।

हे ब्राह्मण ! त्यस चतुर्दशीमा त्यस बेला धर्मात्मा, सैनामैनासमेतको, ज्यादै बलियो निकुम्भले शङ्करको राम्ररी पूजा गर्छ ।।५७५।।

त्यस [चतुर्दशी]मा सधैँ त्यस बेला जागरण बस्नुपर्छ र देवताका पनि देवता शम्भुको मेहनत गरीकन पूजा गर्नुपर्छ ।।५७६।।

पिशाचहरूका मालिक, बलिया निकुम्भको पनि पूजा गर्नुपर्छ । पिशाचहरूलाई पनि राम्ररी तयार गरिएका बलि पनि दिनुपर्छ ।।५७७।।

हे काश्यप ! पलल [तेल आधाआधा निकालेको तिल[२५]] र उल्लोपिका[२६] मिसिएका, माछा मासु र

---

२५. पललको सामान्य अर्थ मासु हुन्छ तापनि यस श्लोकमा मांस [मासु]को चर्चा लगत्तै आएकोले यहाँको पलल शब्दको अर्थ मासु होइन भन्ने स्पष्ट छ । बृहत्संहितामा ५८ अध्यायको ८ श्लोकमा यहाँ जस्तै पललौल्लोपिका शब्द आएको छ र त्यसको टीका गर्दा उत्पलले पललमर्धनिष्पीडितास्तिलाः [पलल भनेको तेल आधाआधा निकालेको तिल] भनी लेखेका छन् (वि. सं. १९५४ मा बनारसबाट ई. जे. लाजरस्–कम्पनीद्वारा प्रकाशित, सुधाकर द्विवेदीद्वारा सम्पादित बृहत्संहिता श्री ६ वराहमिहिरप्रणीता श्रीभट्टोत्पल-कृतविवृतिसहिता [श्री ६ वराहमिहिरले बनाएको बृहत्संहिता, श्रीभट्टोत्पलको विवृतिसहित]को २ भाग, ७८९ पृष्ठ) ।

यस कारण पललसँगसँगै मांस आएको खयाल नराखी पललको अर्थ केक्स् अफ् मीट् [मासुका डल्ला] (द नीलमत पुराणको २ भागको १४७ पृष्ठ) भनी वेदकुमारीले गरेको ठीक देखिँदैन ।

२६. द नीलमत पुराणमा माथि पललोलोपिकामिश्रा भन्ने पाठ दिई तल °लूपिका° र °लेपिका° पाठान्तर दिइएको छ । नीलमत अर् टीचइङ्ज् अफ् नीलमा चाहिँ माथि पललोल्लोपिकामिश्रा भन्ने पाठ दिई तल चाहिँ द नीलमत पुराणमै दिइएका पाठान्तर दिइएको छ । संस्कृतको बृहत्तम कोषमा उल्लापिक पाठ दिई त्यसको पाठान्तरको रूपमा उल्लपिका, उल्लसिक, उलूपक, उलूपिका, उल्लोपिका र उल्लोपिक दिइएका छन् र त्यहाँ महाभारत, महाभारतउपर नीलकण्ठको टीका, बृहत्संहिता र बृहत्संहिताउपर उत्पलको टीका प्रमाणको रूपमा उद्धृत गरिएका छन् (वि. सं. १९२५ मा सेन्ट पिटर्सबर्गबाट बुखद्रुकेराइ डेर कैजरलिखेन अकाडेमी

आमिष (पदार्थले) युक्त भएका (बलि) रूखका फेदमा, गोठमा, किसिमकिसिमका घरमा, चौबाटामा, मूल सडकमा, चोकमा, नदीमा, रित्ता घरमा, पहाडका मुख्य मुख्य टाकुरामा, अटालीमा, श्मशानमा, राजमार्गमा (राख्नुपर्छ)। त्यो रात घरघरमा बालकहरूको रक्षा गर्नुपर्छ ।।५७८–५८०।।

वेश्यासमेत भएका खेलबहाडद्वारा ब्रह्मचर्यमा रहेर, गीतद्वारा, नाचद्वारा र मन हर्ने बाजाद्वारा त्यो रात बिताउनुपर्छ ।।५८१।।

त्यसपछि संवत्सरको पछिल्लो पन्ध्रौं तिथि [औंसी] आइपुग्दा श्राद्ध गरेर इच्छा लागे जति अन्न कुकुरहरूलाई दिनुपर्छ ।।५८२।। ]

नीलमतमा यस्तो लेखेको देखेपछि धर्मशास्त्रका ग्रन्थमा पनि यो चाडको विषयमा कतै लेखिएको त छैन भन्ने कुरा मेरो मनमा लाग्यो र यसो हेर्दै जाँदा लक्ष्मीधरको **कृत्यकल्पतरु**मा, वाचस्पति मिश्रको **कृत्यमहार्णव**मा; रघुनन्दन भट्टाचार्यको **स्मृतितत्त्व**मा र रत्नाकर दीक्षितको **जयसिंहकल्पद्रुम**मा यस चाडको चर्चा भएको मैले देखें ।

**कृत्यकल्पतरु**मा यस विषयमा लेखिएको कुराको उद्धरण सबभन्दा पहिले यहाँ गर्नुपरेको छ—

**ब्रह्मपुराणे...**

**चैत्रकृष्णे चतुर्दश्यां निकुम्भः शङ्करं सदा ।।**
**पूजयति च धर्मात्मा पिशाचैः सहितो बली ।**
**तस्यां निशायां कर्तव्यो नरैर्नित्यं प्रजागरः ।।**
**शम्भुः पूज्यो निकुम्भश्च पिशाचेभ्यो बलिं हरेत् ।**
**दीपिकास्तिलतैलस्य कल्केनाक्ताः[२७] सुशोभनाः ।।**
**मत्स्यमांसानि भूरीणि तथा माषोदनं शुभम् ।**
**भक्ष्याणि परमान्नानि पानकानि शुभानि च ।।**

---

डेर विशेनशाफ्टेनद्वारा प्रकाशित, अटो बोह्टलिङ्क र रुडोल्फ रोथको **संस्कृत्–वोर्टेरबुख्** [संस्कृतकोष]को ५ भागको १२०४ पृष्ठ भाग)। **बृहत्संहिता**को ४७ अध्यायको २८ श्लोकमा आएको **भक्ष्यैः** शब्दको टीका गर्दा उत्पलले **मोदकलोपिकापूपादिभिः** भनी लेखेकाले (वि. सं. १९५२ मा प्रकाशित **बृहत्संहिता...**को १ भागको ५८९ पृष्ठ) **मोदक** [लड्डू] र **अपूप** [मालपुवा] जस्तै **लोपिका** अन्नले बनेको हुन्थ्यो र त्यो **मोदक** र **अपूप** जस्तै चपाएर खाइने [भक्ष्य] वस्तु थियो भन्ने देखिन्छ। उल्लापिक शब्दका प्रशस्त पाठान्तर देखिएकाले वराहमिहिरले ७ अध्यायको २८ श्लोकमा प्रयोग गरेको **लोपिका** र ५८ अध्यायको ८ श्लोकमा प्रयोग गरेको **उल्लोपिका** उही हुन् कि भनी अनुमान गर्न सकिन्छ। **बृहत्संहिता**मा जस्तै **नीलमत**मा पनि **लोपिका** शब्द (५३२ श्लोक, **द नीलमत पुराण**को १३६ पृष्ठ) आएको छ र वेदकुमारीले त्यसको अर्थ **केक्ज् अफ् सुगर्** [सक्खरका डल्ला] (**द नीलमत पुराण**को १३७ पृष्ठ) र **उलोपिका**को अर्थचाहिँ **केक्ज् अफ् नन्–भेज्टेरइअन् फूड्** (उही १४७ पृष्ठ) [निरामिष खानेकुराका डल्ला] भनी गरेकी छन्।

२७. छापिएको पाठ **कल्केनोक्ताः** ।

वृक्षमूलेषु गोष्ठेषु तथा शून्यगृहेषु च ।
चतुष्पथेषु रथ्यासु चत्वरेषु नदीषु च ।।
देवालयेषु पुण्येषु वृक्षकोटरकेषु च ।
अट्टालकश्मशानेषु राजमार्गेषु सर्वदा ।।
तस्यां निशायां रक्ष्यास्तु पिशाचेभ्यश्च बालकाः ।
द्रष्टव्यं पुंश्चलीनृत्यं न कुर्यात् स्त्रीनिषेवणम् ।।[२८]

[ब्रह्मपुराणमा—

धर्मात्मा, बलियो, निकुम्भले चैत्रकृष्णत्रयोदशीमा सधैँ पिशाचहरूले सहित भई शङ्करको पूजा गर्छ । त्यो रात मानिसहरूले सधैँ जागरण बस्नुपर्छ । शम्भुको र निकुम्भको पूजा गर्नुपर्छ । पिशाचहरूलाई बलि दिनू ।

कल्कले भिजेका, तिलको तेलका राम्रा बत्ती (बाल्नू) ।

धेरै (किसिमका) माछामासु, त्यस्तै असल खिचडी, राम्रा राम्रा खानेकुरा र असल असल पिउने कुरा रूखका फेदमा, गोठमा, रित्ता घरमा, चौबाटामा, मूल सडकमा, चोकमा, नदीमा, देवस्थलमा, रूखका कोड्कामा, अटालीमा, श्मशानमा, राजमार्गमा सर्वदा (राख्नू) ।

यो रात पिशाचहरूबाट पनि बालकहरूको रक्षा गर्नुपर्छ, वेश्याको नाच हेर्नुपर्छ, आइमाईसँग सम्पर्क नगर्नू । ]

**कृत्यमहार्णवको उद्धरण अब यहाँ गरिन्छ—**

**देवीपुराणे...**

**चैत्रशुक्लचतुर्दश्यां यः स्नायाच्छिवसन्निधौ ।**
**गङ्गायान्तु विशेषेण न स प्रेतोऽभिजायते ।।**
**चैत्रकृष्णचतुर्दश्यामङ्गारकदिनं भवेत् ।**
**पिशाचत्वं तु भग्नं स्याद् गङ्गायां स्नानभोजनात् ।।**
**धरणिस्तु कलशन्यस्ता रक्तपताकान्विता स्नुही भवने ।**
**चैत्रासितभूतदिने पापरुजं दूरतो धत्ते ।।**

---

२८. वि. सं. २००६ मा बरोदाबाट ओरियन्टल इन्स्टिच्युटद्वारा प्रकाशित, के. भी. रङ्गस्वामी ऐयङ्गरको भट्टश्रीलक्ष्मीधरविरचिते कृत्यकल्पतरौ तृतीयो भागः नियतकालकाण्डम् [भट्टश्रीलक्ष्मीधरले बनाएको कृत्यकल्पतरुको तेस्रो भाग, नियतकालकाण्ड]को तिथिकृत्यानि [तिथिमा गरिने काम] भन्ने अध्याय (४२७, ४४६ पृष्ठ)

ब्राह्मे–

तस्यां निशायाङ्कर्त्तव्यो नरैर्नित्यं प्रजागरः ।
शम्भुः पूज्यो निकुम्भश्च पिशाचेभ्यो बलिं हरेत् ।।
मत्स्यमांसानि भूरीणि तथा माषौदनं शुभम् ।
वृक्षमूलेषु गोष्ठेषु तथा शून्यगृहेषु च ।।
चतुःपथेषु रथ्यासु चत्वरेषु नदीषु च ।
देवालयेषु पुण्येषु राजमार्गेषु सर्वदा ।।
तस्यां निशायां रक्ष्याश्च पिशाचेभ्यश्च बालकाः ।
द्रष्टव्यं पुंश्चलीनृत्यं न कुर्यात् स्त्रीनिषेवनम् ।।[२८]

[देवीपुराणमा—

चैत्रकृष्णचतुर्दशीको दिन जसले शिवको नजीकमा खास गरी गङ्गामा नुहाउला, मरेपछि उसको जन्म हुँदैन । चैत्रकृष्णचतुर्दशी मङ्गलवार परेको दिन गङ्गामा स्नान र भोजन गर्नाले पिशाचत्व भग्न हुन्छ ।

चैत्रकृष्णचतुर्दशीको दिन घरमा भुइँमा कलशमा राखिएको, रातो पताकासमेतको सिउँडीले पाप र रोग टाढै राख्छ ।

ब्रह्मपुराणमा—

त्यो रात मानिसहरूले सधैँ जागरण बस्नुपर्छ । शम्भुको र निकुम्भको पूजा गर्नुपर्छ । पिशाचहरूलाई बलि दिनू ।

धेरै (किसिमका) माछामासु, त्यस्तै असल खिचडी, रूखका फेदमा, गोठमा, रित्ता घरमा, चौबाटामा, मूल सडकमा, चोकमा, नदीमा, पवित्र देवस्थलमा, राजमार्गमा सर्वदा राख्नू ।

त्यो रात पिशाचहरूबाट बालकहरूको रक्षा गर्नुपर्छ, वेश्याको नाच हेर्नुपर्छ, आइमाईसँग सम्पर्क नगर्नू ।]

लक्ष्मीधरले पिशाचसम्बन्धी उत्सवको विषयमा ब्रह्मपुराणबाट उद्धरण गरेकोमा वाचस्पति मिश्रले चाहिँ **ब्रह्मपुराणबाट** मात्र उद्धरण नगरी **देवीपुराणबाट** पनि उद्धरण गरेका छन् । **कृत्यकल्पतरुमा** पिशाचसम्बन्धी उत्सवको विषयमा **ब्रह्मपुराणबाट** साढे छवटा श्लोक उद्धरण गरिएकोमा चारवटा श्लोकचाहिँ **कृत्यमहार्णवमा** पनि उद्धरण गरिएका छन् । **कृत्यकल्पतरुमा** उद्धरण गरिएका श्लोकमध्ये लहरै आएका चार श्लोकभित्रबाट दुइ ठाउँमा दुइ दुइ पाउ छोडी **कृत्यमहार्णवमा** उद्धरण गरिएको छ ।

**स्मृतितत्त्वबाट** यस विषयको कुराको उद्धरण अब यहाँ गरिन्छ—

---

२८. वि. सं. २०४१ मा दरभङ्गाबाट कामेश्वरसिंह–दरभङ्गा-संस्कृत–विश्वविद्यालयद्वारा प्रकाशित; रामसेवक झा, प्रभुनारायण शर्मा, धर्मनाथ झा र रामचन्द्र झाद्वारा सम्पादित **महामहोपाध्यायसन्मिश्रवाचस्पतिविरचितः कृत्यमहार्णवः** [महामहोपाध्याय असल मिश्र वाचस्पतिले बनाएको कृत्यमहार्णव]का १३१, १३२ पृष्ठ ।

चैत्रे कृष्णचतुर्दश्यामङ्गारकदिनं भवेत् ।
पिशाचत्वं पुनर्न स्याद् गङ्गायां स्नानभोजनात् ।।
कालिकापुराणम् ।[३०]

[चैत्रकृष्णत्रयोदशीको दिन मङ्गलवार पर्दा गङ्गामा स्नान र भोजन गर्नाले पिशाचत्व फेरि हुँदैन । कालिकापुराण]

कालिकापुराणबाट उद्धरण गरिएको भनी स्मृतितत्त्वमा आएको माथिको श्लोक, देवीपुराणबाट उद्धरण गरिएका भनी कृत्यमहार्णवमा आएका श्लोकमध्ये एउटाको सामान्य पाठान्तर मात्र हो भन्ने कुरा ती दुइ श्लोक दाँजेर हेर्दा स्पष्ट हुन्छ ।

यस विषयमा जयसिंहकल्पद्रुममा लेखिएको कुराको उद्धरण अन्त्यमा अब गरिन्छ—

**अथ चैत्रकृष्णचतुर्दशीकृत्यम् । पृथ्वीचन्द्रोदये पुलस्त्यः–**

**'चैत्रशुक्लचतुर्दश्यां यः स्नायाच्छिवसंनिधौ ।**
**न प्रेतत्वमवाप्नोति गङ्गायां तु विशेषतः ।' इति ।**
**'चैत्रकृष्णचतुर्दश्यामङ्गारकदिनं यदि ।**
**पिशाचत्वं पुनर्न स्याद् गङ्गायां स्नानभोजनात् ।'**

**अत्र पूर्वा ग्राह्या कृष्णपक्षस्थत्वात् । गौडैस्त्वेतदेव शुक्लचतुर्दश्यामित्येवं देवलीयत्वेन पठितम् । इति चैत्रकृष्णचतुर्दशी**[३१]

[अब चैत्रकृष्णचतुर्दशीमा गरिने काम ।

पृथ्वीचन्द्रोदयमा पुलस्त्य—

चैत्रशुक्लचतुर्दशीको दिन जसले शिवजीको नजीकमा खास गरी गङ्गाजीमा नुहाउला, त्यो प्रेतत्वमा पुग्दैन । चैत्रकृष्णचतुर्दशीको दिन मङ्गलवार परेको छ भने गङ्गामा स्नान र भोजन गर्नाले फेरि पिशाचत्व हुँदैन ।

कृष्ण पक्ष भएको हुनाले यहाँ अगाडि अघिको लिनू । गौडहरूले त यसैलाई नै शुक्लचतुर्दशीमा भनी देवलको पाठ हुनाले लिए ।

चैत्रकृष्णत्रयोदशी (मा गरिने काम) सिद्धियो ।]

पृथ्वीचन्द्रोदयमा पुलस्त्यको वचन भनी जयसिंहकल्पद्रुममा उद्धरण गरिएका दुइ श्लोक, देवीपुराणबाट उद्धरण गरिएका भनी कृत्यमहार्णवमा सारिएका दुइ श्लोकका कहीँ कहीँ एक दुइ शब्द फरक वा तलमाथि पारिएका रूप हुन् भन्ने कुरा स्पष्ट देखिन्छ । कालिकापुराणबाट उद्धरण गरिएको भनी स्मृतितत्त्वमा आएको

---

३०. वि. सं. १९५२ मा कलिकाताबाट जीवानन्द विद्यासागरद्वारा प्रकाशित, उनैद्वारा सम्पादित रघुनन्दन भट्टाचार्यको स्मृतितत्त्व १ भागको १३३ पृष्ठ ।

३१. वि. सं १९८२ मा मुम्बईबाट लक्ष्मीवेंकटेश्वरमुद्रणालयद्वारा प्रकाशित, हरिनारायण शर्माद्वारा सम्पादित रत्नाकर दीक्षितको जयसिंहकल्पद्रुमको ५८६ पृष्ठ ।

श्लोक, **देवीपुराणबाट** उद्धरण गरिएका भनी **कृत्यमहार्णवमा** आएका श्लोकमध्ये एउटा सामान्य पाठान्तर हो भनी माथि लेखिसकिएकोले **स्मृतितत्त्वमा** आएकै श्लोकको सामान्य पाठान्तर **जयसिंहकल्पद्रुममा** आएको दोस्रो श्लोक हो भनी भनिरहनुपर्दैन। तर **जयसिंहकल्पद्रुममा** उद्धरण गरिएको पहिलो श्लोकमा **चैत्रकृष्णत्रयोदशी** भन्ने पाठ नभई **चैत्रशुक्लत्रयोदशी** भन्ने पाठ भएको कुरामा चाहिँ हामीले हेलचक्र्याइँ गर्नु हुँदैन। तर **जयसिंहकल्पद्रुमका** कर्ता रत्नाकर दीक्षितले नै यस विषयमा टिप्पणी गरिसकेको कुरा यहाँ स्मरणीय छ।

वि. सं. १२०५–६ मा काश्मीरमा कल्हणले लेखेको राजतरङ्गिणीको[३२] उपजीव्य ग्रन्थ भएको[३३] **नीलमतमा** चैत्रकृष्णचतुर्दशीको दिन पिशाचसम्बन्धी कृत्यको विषयमा लेखिएकोले, वि. सं. ९३८ को हरयाणाको

---

३२. आफ्नो राजतरङ्गिणीको उठानउठानमा कल्हणले यस्तो

**लौकिकेऽब्दे चतुर्विंशे शककालस्य सांप्रतम्।**
**सप्तत्याभ्यधिकं यातं सहस्रं परिवत्सराः॥**

(**कल्हणको राजतरङ्गिणीको १ तरङ्गको ५२ श्लोक**)

(ई. सं. १९६० [वि. सं. २०१६/१७]मा दिल्लीबाट मुन्शीराम मनोहरलालद्वारा पुनः प्रकाशित, मार्क ओरल स्टीनद्वारा सम्पादित **कल्हण'ज् राजतरङ्गिणी, ए क्रनिकल् अफ् द किङ्ज् अफ् कश्मीर्** [कल्हणको राजतरङ्गिणी – कश्मीरका राजाहरूको वृत्तान्त])

[अहिले लौकिक संवत् २४[४२२४]मा शककालका १०७० वर्ष बिते।]

लेखेकाले र संवत्सहितको पछिल्लो घटनाको रूपमा यस्तो

**समा द्वाविंशती राज्यावाप्तेः प्राग्भूभुजो गता।**
**तावत्येवाप्तराज्यस्य पञ्चविंशतिवत्सरे॥**

(कल्हणको **राजतरङ्गिणीको** ८ तरङ्गको ३४०४ श्लोक)

[राजाले [जयसिंहले] राज्य पाउनुभन्दा पहिले २२ वर्ष बिते, संवत् २५(४२२५)मा त्यति नै (वर्ष) राज्य पाएपछि बितिसकेका थिए]

लेखेकाले वि. सं. १२०५–६ मा कल्हणको **राजतरङ्गिणी** लेखिएको हो भन्ने देखिन्छ।

**नीलमतको** प्रचलित पाठ विक्रमको सातौँ वा आठौँ शताब्दीसम्मको हुन सक्ने भनी गेओर्ग बूलरले लेखेको कुरा यस प्रसङ्गमा स्मरणीय छ। (ई. सं. १९६१ [वि. सं. २०१७/१८]मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, मार्क ओरेल स्टीनले उल्था गरेको **राजतरङ्गिणीको** २ भागको ३७७ पृष्ठ)

३३. **दृग्गोचरं पूर्वसूरिग्रन्था राजकथाश्रयाः।**
**मम त्वेकादश गता मतं नीलमुनेरपि॥**

(कल्हणको राजतरङ्गिणीको १ तरङ्गको १४ श्लोक)

[पहिलेका विद्वान्हरूका, राजाहरूका कुरा भएका एघार वटा ग्रन्थ र नीलमुनिको मत मैले हेरेको छु।]

शिलालेखमा पिशाचीचतुर्दशी र घोटकयात्रा दुवैको चर्चा आएकोले, मध्यकालका दक्षिणी, मैथिली, बङ्गाली र राजस्थानी धर्मशास्त्रका ग्रन्थमा चैत्रकृष्णचतुर्दशीको दिन हुने पिशाचसम्बन्धी कृत्यको विषयमा लेखिएकोले पिशाचचतुर्दशी र घोडेजात्रा पनि इन्द्रजात्रा जस्तै कुनै बेला भरतखण्डका अन्यत्र पनि चलेका उत्सव वा जात्रा थिए भनी निर्धक्क भन्न सकिन्छ । कुरा यसो हो तापनि आजभोलि यहाँ घोडेजात्रामा घोडा दगुन्याउने चलन भएको र पेहोवाको सो शिलालेखमा चाहिँ यस्तो

यथास्माभिः श्रीकन्यकुब्जे श्रीगुहादित्यकारितदेवाय तथा तत्रैव गोतीर्थे कदम्बादित्यकारितदेवाय च तथा श्रीकन्यकुब्जासन्नश्रीभोजपुरे गंगातीरे नागरभट्टप्रभाकरसुतभूवककारितगरुडासनदेवाय तथा श्रीपृथूदके प्राचीसरस्वतीसन्निधौ भूवकेनैव कारितयज्ञवराहाय च पृथूदके घोटकघोटिकावेगसररूपादिविक्रयस्य राजकीयोपक्रये ठक्कुरजनपदाद्युपक्रये च तथा त्रैघाटकादिस्थानेषु केवलं राजकीय एवोपक्रये रूपं प्रति धर्म्महेतोर्यद्धर्म्मद्वयमस्माभिरक्षयनीव्यां प्रदत्तं तच्चतुर्व्विनशतिभिर्भागैः परिकल्प्य भागास्सप्त श्रीगुहादित्यकारितदेवाय तथा भागास्सप्त कदम्बादित्यकारितदेवाय तथा भागाः सप्त भूवककारितगरुडासनाय तथा भागैकः पृथूदके भूवककारितयज्ञवराहाय तथा भागैकस्तत्पूजकाय तथा भागैकः पृथूदकस्थानात् तथा घोटकसंग्राहकैर्घोटकं प्रति प्रदत्तधर्म्मैकस्य कल्पितभागानां द्वादशानां मध्यात्पृथूदके प्राचीसरस्वतीसन्निधौ भूवककारितयज्ञवराय भागाः षट् तथा तत्पूजकाय च भागद्वयं तथा श्रीपृथूदकीयस्थानस्य भागाश्चत्वारोस्माभिः प्रतिपादितास्तदनुमान्यं घोटकविक्रेतृभिः क्रेतृभिश्चाचन्द्रार्क्ककालं यावत् यथोद्दिष्टस्थित्या गोष्ठिकैः सद्भिः स्वतः परतश्च निर्व्वाहः कर्त्तव्यः ।।

[हामीहरूले श्रीकन्यकुब्ज [कान्यकुब्ज= कन्नौज]मा श्रीगुहादित्यले बनाउन लगाएको देवतालाई, त्यस्तै त्यहीँ गोतीर्थमा कदम्बादित्यले बनाउन लगाएको देवतालाई, त्यस्तै श्रीकन्यकुब्जको नजीकै श्रीभोजपुरमा गङ्गाको किनारमा नागरभट्ट प्रभाकरका छोरा भूवकले बनाउन लगाएको गरुडासन देवता [गरुडमा चढेका विष्णु]लाई, त्यस्तै श्रीपृथूदक [पेहोवा]मा पूर्वको सरस्वतीको नजीकै भूवकले नै बनाउन लगाएको यज्ञवराह [वराहावतार विष्णु]लाई पृथूदकमा घोडा, घोडी, खच्चर आदि जनावरको बिक्रीमा राजाले खरीद गरेकोमा र ठक्कुर र जनपद [जानपद= देशवासी]हरूले खरीद गरेकोमा, त्यस्तै त्रैघाटक आदि स्थानमा खालि राजाले मात्र खरीद गरेकोमा धर्मको लागि जनावरपीछे जुन दुइ धर्म[३४] हामीहरूले साँवा नह्रासिने गरी दियौं, त्यसको चौबीस भाग लगाएर सात भाग श्रीगुहादित्यले बनाउन लगाएको देवतालाई, त्यस्तै सात भाग कदम्बादित्यले बनाउन लगाएको देवतालाई, त्यस्तै सात भाग भूवकले बनाउन

३४. ए काइन्ड् अफ् टाइब् सेट् अपार्ट् फर् रिलिजअस् पर्पस्इज् (एप्इग्राफ्इया इन्डिकाको १ भागको १८६ पृष्ठ, ४६ टिप्पणी) [धर्मकर्मको लागि छुट्टयाइएको एक प्रकारको तिरो] भनी बूलरले यहाँको धर्म शब्दको अर्थ गरेका छन् । त्यसपछि दि एग्ज्याक्ट् अमाउन्ट् क्यान्नट् बी यास्अर्टेन्ड् । इट् नो डाउट् वज् रेग्यु-लेट्इड् बाइ कस्टम्, यान्ड् सो वेल् नोन् द्याट् इट्स् स्पेसिफिकेशन् सीम्ड् अन्नेसस्इसर्रि । (उही) [यसको

लगाएको गरुडासनलाई, त्यस्तै एक भाग पृथूदकमा भूवकले बनाउन लगाएको यज्ञवराहलाई, त्यस्तै एक भाग पुजारीलाई, त्यस्तै एक भाग पृथूदकस्थानलाई[३५], त्यस्तै घोडा किन्नेहरूले घोडैपीछे दिएको एक धर्मको बाह्र भागबाट पूर्वको सरस्वतीको नजीकै भूवकले बनाउन लगाएको यज्ञवराहलाई छ भाग, त्यस्तै त्यस (मूर्ति)को पुजारीलाई दुइ भाग, श्रीपृथूदकको स्थानलाई चार भाग हामीले दियौं । घोडा बेच्ने र किन्नेले चन्द्र सूर्य रहेसम्म मान्नुपर्छ । बताएको रीतअनुसार सज्जन गोष्ठिक [गुठियार]हरूले आफ्नो तर्फबाट र अरूको तर्फबाट काम गर्नुपर्छ, गराउनुपर्छ] लेखिएकोले घोडेजात्राको दिन पेहोवामा घोडा र खच्चर जस्ता जनावरको खरीदबिक्री हुने गर्थ्यो भन्ने स्पष्ट हुन्छ ।

यस कारण यहाँको घोडेजात्राको र पेहोवाको घोडेजात्राको प्रकृतिमा केही अन्तर देखिन गएको छ तापनि पेहोवाको शिलालेख घोडेजात्राको बयान गर्न लेखिएको नभई घोडेजात्राको दिन घोडाहरू खरीदबिक्री गर्दा उठाइएको करबाट देवमन्दिरहरूको व्यवस्था गर्नको लागि सो शिलालेख राखिएकोले घोडेजात्राको दिन पेहोवामा घोडदौड हुँदै हुँदैनथ्यो भन्ने निष्कर्ष भने निकाल्न सकिँदैन ।

□

---

ठीक परिमाण पत्ता लाउन सकिँदैन । यसलाई भन्दारले तोकेको हुन्थ्यो भन्न कुरामा शङ्का छैन र यस विषयमा खुलाएर लेख्नु अनावश्यक देखिन्थ्यो] भनी बूलरले लेखेका छन् । बूलरले यस्तो लेखे तापनि कहीं द्रम्मलाई धर्म भनी यहाँ लेखिएको त होइन भन्ने मलाई लागेको छ ।

३५. देवस्थलहरूलाई भाग छुट्टयाउँदा अन्यत्र देवस्थलहरूको नाउँमा चतुर्थी विभक्ति आएकोमा यहाँ पृथूदकस्थानात् भनी पञ्चमी विभक्ति आउनु अशुद्ध हो र अलिकति पछि श्रीपृथूदकीयस्थानस्य भनी षष्ठी विभक्तिको प्रयोग हुनु उल्लेखनीय छ । यस विषयमा बूलरले यस्तो लेखेका छन्—

द याब्लटिभ् पृथूदकस्थानात् इज् अल्टगेद्अर् रङ; इट् आर् टु बी द डेटिभ् अर् दि जेन्इटिभ्, याज् फर्दर् अन् ।

(१९० पृष्ठ, ४९ टिप्पणी)

[पञ्चमी पृथूदकस्थानात् बिलकुल गलत छ; यो चतुर्थी वा अगाडि आए जस्तै षष्ठी हुनुपर्छ । ]

# वि. सं. १७९७ को जग्गाकिनबेचसम्बन्धी अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्री

१) ⌐ शुभ ।। संवत् ८६१ फाल्गुणवदि ५ थु खुन्हु चोया बुलो ।। दा·
२) ता नम्रोक्वाथया ।। ढम्रोखाचछेँत्वालया ।। सिम्रोकल्यान भालो ।।
३) ग्राहाकस यदगामया ।। श्रीलक्ष्मीधर पाँडे ।। वाँसि भालोया
४) क्षेत्रन पूर्व्वतः ।। श्रीदामोदर ठाकुर ।। श्रीपुर्णानन्द ओझा निह्म-
५) स्या क्षत्रन दक्षिनत: ।। विर साहि भालोया क्षत्रन पश्चिमतः ।।
६) विर साहि भालोया क्षत्रन ।। लक्ष्मीधर भालोया क्षत्रन उत्तर-
७) तः ।। एतेषां मध्ये चत्राघाटन दु ।। थय दोलबु लम्रो ४ सुक्रि-
८) बिक्रिन कायाजुलो ।। थुतिया सुवर्ण्णमुल्य ।। श्री २ जयप्रकास-
९) मल्लीस ढचिछमी हल अंकेपि १०० प्रतिधनी पुलेस हेङा जु-
१०) लो ।। थ्व बुस रौराग राडोल सा दातान साधय याङांम्रो बियमा-
११) ल ।। थुतिया दृष्टसाचिछ ।। लक्ष्मीधर भालो ।। तथा श्रीवंशलो-
१२) चन मिश्र ।। तथा विर साहि भालो ।। तथा केसलाम भालो ।। त-
१३) था लामहलि भालो ।। लेखक श्रीराजीव मिश्र ।। शुभं ।।

(यो पत्र नुवाकोट बोहोरापानीका श्रीमुकुन्दराज पाण्डेको सङ्ग्रहमा छ । )

□

# गोरखासम्म जान झारा लगाइएको कुरा परेको अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्रीदुर्गासहाय: १

श्रीदुर्गा

भवानि

१) स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का

२) आगे जलुवा माझिप्रति. गोर्षासम्म जानाकन

३) तेरा गांउंका माझि जना २५ भरिया तयार गरी

४) राष. जसं इहांबाट सत्याहरु आईपुग्छन्. तसं

५) हात पारिदे· ढिल् गऱ्या जानलास्. सम्वत् १८ – –

(छिउमा)

१) जेष्टवदि...

२) रोज ...

(यस पत्रको सकल नुवाकोट माझीटारका श्रीरामबहादुर माझीको सङ्ग्रहमा छ ।)

□

# रामकृष्ण जैसीलाई वि. सं. १८३२ मा गरिदिएको अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्रीदुर्गासहाये

१) स्वस्ति श्रीमन्महाराजधिराजकुमारश्रीमद्बाहादासाहेबकस्य रुक्का ।।

२) आगे रामकृष्ण जैसीके बेल्कोट् मेरो बिर्ता षेत अघी... पर्दा हुंदी षेत ग... माहा ग-

३) यो. पाषोरेषो नै पारीपारीका गठ पर्‍र्या बाभनूका सरहमा... को... रसीं... न्

४) बारे षो· हीजो सबै बाभनूको सरहमा छुट्याको ठहर्दा यो तन्नो बीर्त्ता (र) हिछ· थामीबक्-

५) स्यौ. आपना षातिर्जामासग बीर्तापाषोको भोग्य गर. इती संवत् १८३२ साल

६) कार्तीकसुदी ८ रोज १ (मुकाम् कान्)तिपुर सुभ्म् ॥

(पश्चिम १ नं. गोश्वाराअड्डामा वि. सं. १९९६ श्रावण ३१ गते प. १ नं. नुवाकोट नलगाउँ बस्ने कुलप्रसाद गजुरेल जैसीले चढाएको यस पत्रको नकल नुवाकोटमालकार्यालयमा छ।)

□

# वि. सं. १८५७ मा श्री ५ गीर्वाणको नामबाट अङ्ग्रेजशासककहाँ पठाइएको अप्रकाशित पत्र

**– दिनेशराज पन्त**

श्रीः

१) सम्वत् १८५७ साल् श्रावनवदी ९ रोजका दीन श्री ५ महाराजधीराज गीर्वाणयुद्धवि-

२) क्रम् साहबाट कलकताका गवरनरजनरल लार्ड मारंगटनूलाइ लेषी गयाको ष-

३) रीता ________________

४) मेरा बुबाले मलाइ राजगद्दी बक्सी आफु हरिभजन् गर्नालाइ स्वामी भैबक्स्याको

५) कुरा अघी पठायाको षरीताबाट दीनानाथ उपाध्या चन्द्रसेषर उपाध्याका

६) जवानी तपाजीलाइ जाहेर भयाकै होला – ________

७) औ म बोस्त जाडाको यामा देवताको दर्सन् गर्नालाइ नुवाकोट्तीर गयाको थीयां.

८) बुबाज्यू नेपालैमा बस्नुभयाको थीयो. यस बिचमा षराब मानीसहरुले मेरा दील-

९) मा नभयाको कुराको गल्वा गरीदीयेछं र वाहा नाराज भैबक्सी गर्नीको याम्मा

१०) केही सामान् नली बनारस्तीर पाल्नुभयेछ. यसो हुनाले बींती गर्छु की सो बनार-

११) रस्का साहेबानूहरुलाइ स्वामीज्यू अर्थात् मेरा बुबाज्यू ताहा राज गर्नहुंज्याल् षुसी-

१२) साथ र आरामसाथ राज हुने हीसाबसंग लेषी पठाइदीनु. मेरो दीलजमइ होला.

१३) मंले पनी बुबाज्यूको चाकरी जस्तो चाहीने हो गर्नेछु. जाहाबाट बुबाज्यू जानुभया-

१४) बीतीकै सबै कुरा नीज दीनानाथहरुले तपाजीलाइ जाहेर गरेका हुनं भंने नीश्चये छ.

(यस पत्रको नकल परराष्ट्रमन्त्रालयको १४२ सङ्ख्याको खाममा छ।)

□

# वि. सं. १८५७ मा श्री ५ गीर्वाणको नामबाट अङ्ग्रेजशासककहाँ पठाउन तयार पारिएका दुइ अप्रकाशित पत्र

– दिनेशराज पन्त

(१ सङखया)

१) सम्वत् १८५७ साल् पौषशुदी १ रोजका दीन श्री ५ महाराजाधीराज गीरवाणयुद्धवि-
२) क्रम् साहबाट कलकताका गवरनरजनरल लार्ड मारंगटन्लाइ लेषी गयाको षरीता ———
३) यस्मन्दा अघी पठायाको षरीताको जवाब नआउदा ताजुब लाग्यो. सो जवाब नआ-
४) याको कारन् फुर्सत् नभयाकोले हो भंने थानी फरी अघिका षरीताका बेहोराबमो-
५) जीं पठाइ जाहेर गर्दछु कि मेरा बुबाबाट मलाइ राजगद्दी बक्सी आफ स्वामी हुनु-
६) भयो. यस्कुराको षरीता अघि पठायाकोले र दीनानाथ पाध्या र चंद्रसेषर पा-
७) ध्याबाट मोफसल हाल् तपाजीलाइ जाहेर भयाकै होला. मं जाडाको याम्मा देव-
८) ताको दर्सन गर्नानीमीत नुवाकोट्तीर गयाको थीयां. बुबाज्यू नेपालैमा बस्नुभ-
९) याको थीयो. यस बीचमा षराब मानीसहरुले मेरो दीलैमा नभयाको कुराको
१०) गल्वा गरीदीयेछन् र वाहा नाराज भैबक्सी गर्भीको याम्मा केही सामान् नली
११) बनारस्तीर पाल्नुभयेछ. यसो हुनाले बिती गर्दछु कि सो बनारस्का साहेवान्ह-
१२) रुलाइ स्वामीज्यू अर्थात् मेरा बुबाज्यू ताहा राज गर्नुहुंज्याल षुसीसाथ र आराम-
१३) साथ राज हुने हीसाबसंग लेषी पठाइदीनु. मेरो दीलजमइ होला. मंले पनी बुबाज्यूको
१४) चाकरी जस्तो चाहीने हो गर्नेछु. जाहाबाट बुबाज्यू जानुभयाबीतीकै सबै कुरा नी-
१५) ज दीनानाथहरुले तपाजीलाइ जाहेर गरेका हुनं भंने नीश्चय छ ———

(२ सङखया)

१) १८५७ साल पौषसुदी १५ रोजमा लेषियाको षरीता
२) यस्मन्दा अघि गुरु गजराज मिश्रमार्फत पठायाको षरीताबाट सबं जाहेर भयाकै होला. मौसुफ
३) गुरु यहाबाट जानुभयापछी ज्यूदो कस्तुरि १ मछेउ आयाको हुनाले तुरन्त सो कस्तुरि तपाजि-
४) छेउ पठाईदियाको छु. चंद्रसेषर पाध्यामार्फत पुगनेछ ———

(छेउमा)

सो ज्युदो कस्तुरि मऱ्याको हुनाले यो दुवै षरीता गयेन.

(यी दुइ पत्रका नकल परराष्ट्रमन्त्रालयको १४२ सङ्ख्याको खाममा छन् ।)

□

# काठमाडौँका केही मल्ल राजाहरूको मृत्युवर्ष लेखिएको अप्रकाशित टिपोट

– दिनेशराज पन्त

श्री ९

| | | |
|---|---|---|
| १) काठमाडौमा प्रवेस भयाका राजा ________ | | |
| २) श्रीरत्न मल्ल — | | |
| ३) श्रीअमर मल्ल — | | |
| ४) श्रीसूर्य्य मल्ल — | | ६४४ सालमा स्वर्ग भया. |
| ५) श्रीमहिन्द्र मल्ल — | रजाइ २७ वर्ष — | ६७२ सालमा स्वर्ग भया. |
| ६) श्रीसदाशिव मल्ल — | | ७१७ सालमा स्वर्ग भया. |
| ७) श्रीशिवसिंह मल्ल — | | ७३८ सालमा स्वर्ग भया. |
| ८) श्रीहरिहरसिंह मल्ल — | | |
| ९) श्रीलक्ष्मीनरसिंह मल्ल — | | ७७७ सालमा स्वर्ग भया. |
| १०) श्रीप्रताप मल्ल — | | |
| ११) श्रीनेपेन्द्र मल्ल — | | ८०० सालमा स्वर्ग भया. |
| १२) श्रीपार्थिवेन्द्र मल्ल — | | ८०७ सालमा स्वर्ग भया. |
| १३) श्रीभुपालेन्द्र मल्ल — | | ८१२ सालमा स्वर्ग भया. |
| १४) श्रीमहिन्द्रसिं मल्ल — | | ८५५ सालमा स्वर्ग भया. |
| १५) श्रीजगजय मल्ल — | | ८८९ सालमा स्वर्ग भया. |
| १६) श्रीजयप्रकाश मल्ल — | | |

(पछाडिपट्टि)

काठमाडौंमा प्रवेश भयाका श्रीरत्न मल्लदेखी श्रीजयप्रकाश मल्लसम्म १५ राजाहरुका नामनामासि र स्वर्ग भयाको सालस्मेतको कागज्

(परराष्ट्रमन्त्रालयको १४६ सङ्ख्याको खाममा यो छ।)

□

# वि. सं. १८९७ मा नुवाकोटभैरवीका धामी काठमाडौं बोलाइएको कुरा परेको अप्रकाशित पत्र

– दिनेशराज पन्त

स्वस्ति श्रीमन्माहाराजधिराजकस्य रुक्का
आगे राजमानसिं धामिके आसिष. ऊप्रांत तैंले येक पटक् जाहा आउनुपऱ्यो. तसर्थ बोलाहाटको लालमोहर पुग मात्र हाम्रा हजुर आउन्या काम गर.

ईति सम्वत् १८६७ साल मिति माघसुदि ३ रोज २ शुभम्

(यस पत्रको नकल नुवाकोटभैरवीका धामी श्रीहरिमानसिंह डङ्गोलको सङ्ग्रहमा छ।)

□

# श्री ५ सुरेन्द्रको नाममा तयार भएको अप्रकाशित पुस्तकको केही अंश

– दिनेशराज पन्त

श्री ५ सुरेन्द्रवीक्रम् साहबाट नीति बनाइबक्स्याको (१ क पत्र)
इति श्रीराजनितिधर्मनिरोपणकथनं नाम प्रथमः सर्गः ।। (४ क पत्र)
इति श्रीराजनितिधर्मपापद्वयोर्निरोपणकथनं नाम द्वितीयः सर्गः ।।२।। ।। (६ क पत्र)
इति श्रीराजनीतिग्रहणदंडकथनं नाम तृतीयः सर्गः ।।३।। (७ क ख पत्र)

इति श्रीराजनितिनितिस्थितिनिरो ० क. ब. स ॥४॥
आदिखण्ड समाप्तमगमत् ॥

(८ ख पत्र)

इति *श्रीराजनितिदंडोपस्थानकथनं नाम षष्टमः सर्गः ॥६॥* (११ ख पत्र)
इति श्रीराजनितिमिश्रसम्बन्धिदण्डकथनं नाम उत्तरार्द्धे उत्तरखण्डे षोडशः सर्गः ॥१६॥ (४३ ख पत्र)
इति श्रीराजनिति श्रीमन्महाराजाधिराजसुरेन्द्रविक्रमसाहदेवविरचिते अशेषदंण्डकथन नाम सप्तदशः सर्गः ॥१७॥ ॥
(४४ क ख पत्र)

अथ वंशाध्यायः ॥ ॥

नेपालदेशाधिपत्योऽधिराजा राजेन्द्रनाम्ना जनकात्मजोहम् ॥
प्रसिद्ध लोके ह सुरेन्द्रनाम्ना प्रस्थापितो मंत्रि मया नितिज्ञः ॥१॥
सर्वोपमेयेन समर्थवाँ चेत् श्रीजङ्गबाहादुर स प्रसिद्धः ॥
तेनैव लोकद्वये रक्षणार्थं ० मे सेवया प्राणसमर्प्पणादिम् ॥२॥
सारं परं सार च कल्मषघ्नात् ० समुद्धृतं राजनिति यथार्थात् ॥
समर्प्पितं तेपि मयाज्ञया चेदुल्लंघता यो नरकं प्रयाति ॥३॥
नृपादिनामेव विभूषणं भवेत् पठन् शृण्वन् वापि परं पदं लभेत् ॥
ममाज्ञया वित्तु भवानिशर्मणा ० निमित्तमात्रं रचितोपि ब्रह्मणा ॥४॥
दशाङ्कमेघैरपि शाकवर्षे १७९२ मधौ शिते वाक्पतिभे दशम्याम् ॥
शुक्रे धृतौ युक्तदिनेषु पूर्वे ग्रामे च वेण्यामगमत् समाप्तम् ॥५॥

इति वंशाध्यायः ॥ ॥

धर्मं पापं च सम्बन्धि दण्डं सम्बादकं तथा ॥
तेषामेव निरोपेण राजनीनीति भण्यते ॥६॥

इति संख्यापरिमाणनि० ॥ ॥५३०॥

इति श्रीराजनीति श्रीमन्महाराजाधिराजसुरेन्द्रविक्रमसाहदेवविरचिते वंशोध्यायकथनं नामाष्टादशः सर्गः ॥१८॥ ॥ ॥ ॥
उत्तरखण्ड समाप्तमगमत् ॥ ॥ ॥ ॥

(४४ ख– ४५ क पत्र)

(परराष्ट्रमन्त्रालयको ९२ सङ्ख्याको खाममा यो पुस्तक छ ।)

[वि. सं. २०३८ भाद्र, कार्तिकमा परराष्ट्रमन्त्रालयमा र वि. सं २०३८ आश्विन–कार्तिकमा नुवाकोट-यात्रामा यी सामग्री सङ्ग्रह गर्दा सहयोग गर्ने श्रीरुक्मनाथ पौडेल र पछि यी पत्र सार्दा मदत गर्ने श्रीमनोज राजोपाध्यायलाई धन्यवाद छ ।]

□

# गङ्गाधर शास्त्रीले हेमराज शर्मालाई लेखेको अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्रीः

श्रीमत्सु यज्ञपुरुषश्रुतिसिद्धसेवाऽनायाससाधितपुमर्थचतुष्टयेषु ।
विद्याविवेकविनयव्यवहारदाक्ष्यवादान्यकाद्यखिलसद्‌गुणसागरेषु ॥
नेपालभूसुकृतसंततिमूर्तिचन्द्रसंसेरजङ्गनृपलालितशासनेषु ।
श्रीहेमराजबुधराजगुरुष्वसंख्याशीराशिभिः सह लसन्तुतमां तपांसि ॥
काश्यां सदाशिवकृपावशतः शुभं मे तच्छ्रीमतामनुपदोपचितं समीहे ।
प्राप्तं भवत्प्रणयशंसि दलं मनो मे मोदाम्बुराशिजलमानुषमाततान ॥
श्रौताध्वपालनधुरंधरराजरत्ने दीक्षामुपेयुषि वितन्वति कोटिहोमम् ।
आचार्यकं समुचितं भवतां श्रमेऽपि निर्वाहयन्ति सुकृतानि सदा महान्तः ॥
काशीस्थसत्परिचितोत्तमवैदिकार्चाऽऽर्त्विज्यप्रदानपरमादरतो व्यनक्ति ।
श्रीमान् क्षणं परिचितोऽपि महाप्रभुश्च कृत्या स्वया निरवधिं हि मयि प्रसादम् ॥
मासाधिकद्व्यहबृहत्समयप्रसाध्यं यागं प्रजागणहितप्रवणं विधाय ।
दुर्दैवपाकमवरोद्धुमुपात्तदीक्षो धन्यः किलैष नयपालनृपालमन्त्री ॥
श्रीविश्वनाथपदयोर्निहितोत्तमाङ्गा आशास्महे वयमयं विगतान्तरायः ।
यागोत्तमो भवतु वाञ्छितसर्वसिद्धिचिन्तामणिर्नरपतिप्रकृतीष्टहेतुः ॥
अद्येयतालमतिदुर्वहकार्यभारव्यग्रेषु विस्तरगिराऽखिलवेद्यवित्सु ।
आप्ताग्रणीष्विह भवत्स्विति संप्रधार्य स्तोकं विलिख्य विरमामि सदाऽस्तु वः शम् ॥

ज्येष्ठकृष्ण ५ शनौ
सं १९६०

गङ्गाधरशास्त्री

(हेमराजका नाति प्रकाश ए, राजद्वारा यस पत्रको प्रतिलिपि प्राप्त भएको हो । )

□

# हाम्रो वक्तव्य

संशोधन–मण्डलका भूतपूर्व सदस्य र यस पूर्णिमाका भूतपूर्व प्रबन्धक तथा प्रकाशक श्रीधनवज्र वज्राचार्य वि. सं. २०५१ आषाढ २० गते सोमवार परलोक हुनुभयो।

संशोधन–मण्डलको परिपाटीमा श्रीगुरु नयराज पन्तसँग उहाँले पढ्नुभएको हो। उहाँसमेतका एक्काइस जना इतिहास-संशोधकहरूमध्ये छ जनालाई र संशोधन–मण्डलका सबभन्दा कान्छा सदस्यलाई संस्कृतभाषा र शोधपद्धतिमा प्रवेश गराउन उहाँको ठूलो हात रहेको कुरा यस प्रसङ्गमा स्मरणीय छ।

वि. सं. २००९ देखि २०२७ सम्म पूरा १८ वर्ष उहाँ र हामी सँगसँगै मिली नेपालको इतिहासको अन्वेषण र प्रकाशन गरेको कुराको सम्झना पनि यस प्रसङ्गमा हामीलाई आइरहेको छ।

नेपालको इतिहासको अन्वेषणमा निरन्तर लागिरहनुभएका श्रीधनवज्र वज्राचार्य अब आलेख्यशेष भइसक्नुभयो तापनि उहाँका कृतिद्वारा उहाँको यशःकाय सधैँ जीवित रहिरहनेछ भन्ने कुरामा हामीलाई विश्वास छ।

---

## बजारमा पाइने हाम्रा केही कृति



| | |
|---|---|
| पूर्णिमा ५ अङ्कदेखि ८७ अङ्कसम्म | ११८६।– |
| गोरखाको इतिहास १–४ भाग | ५००।– |
| पूर्णिमाको परिशिष्टको रूपमा अङ्ग्रेजीमा छापिएको आदर्श (१ सङ्ख्या) | २००।– |

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)

का. मे. अ. द. नं. १५५/२४६

कार्यालय

संशोधन-मण्डल

वटु सबलबहाल

ग-१-५३० काठमाडौँ-३

नेपाल

फोन नं. २-२०४९२

# वि. सं. २०५१ मार्ग

यस अङ्कको मूल्य रु. ७५।-

मुद्रक

लुष प्रेस

नयाँ बानेश्वर

ख-१-३७३ काठमाडौँ-१

नेपाल

फोन नं. ४-७३५८६